# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ०३ | काठमाडौं | बिहीबार, १३ वैशाख २०८१ | Prabhab National Daily | Thursday, April 25, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


गोरखा भूकम्पको नौ वर्ष

## पीडित अझै अस्थायी टहरामा

■ दीपक श्रेष्ठ

- भूकम्पको केन्द्रबिन्दु बारपाकमै केही भूकम्पपीडित अस्थायी टहरामा
- बारपाक सुलिकोट गाउँपालिका–१ का १५ घरभन्दा बढी दलित परिवारले घर बनाउन पाएनन्
- भूकम्प स्मृति उद्यानको कामसमेत अझै अपूरो

**गोरखा–** गोरखाको बारपाक केन्द्रबिन्दु भएर गएको विनासकारी गोरखा भूकम्पको बुधबार नौ वर्ष भएको छ । २०७२ वैशाख १२ गते बिहान ११ बजेर ५६ मिनेटमा गएको ७.८ रेक्टर स्केलको विनासकारी भूकम्पले गोरखा जिल्लामा मात्र ४७१ जनाले ज्यान गुमाएका थिए । भूकम्पबाट गोरखासहित १४ जिल्ला अतिप्रभावित बन्यो भने देशभरका ३१ वटा जिल्लामा गोरखा भूकम्पले क्षति पुर्‍यायो ।

भूकम्प गएको नौ वर्षमा जिल्लाभित्र अधिकांश निजी आवास, सरकारी कार्यालय, स्वास्थ्य कार्यालय भवन, विद्यालय तथा प्रमुख पुरतात्त्विक भवन निर्माणको काम लगभग सम्पन्न भए पनि भूकम्पको केन्द्रबिन्दु बारपाकमै केही भूकम्पपीडित अस्थायी टहरामै छन् । बारपाक सुलिकोट गाउँपालिका–१, स्थित दलितबस्तीका भूकम्पपीडित अझै पनि अस्थायी टहरामा बसिरहेको वडा सदस्य लक्ष्मी विकले जानकारी दिइन् ।

साविकको बस्ती जोखिमयुक्त रहेकाले अन्य स्थानमा घर बनाउन जग्गा नपाउँदा दलित समुदायका परिवार अस्थायी टहरामा बस्नुपरेको उनले बताइन् । 'गैह्रागाउँका १५ घरभन्दा बढी दलित परिवारले भूकम्पपछि घर बनाउन पाएका छैनन्,' विकले भनिन्, 'जोखिमपूर्ण रहेकाले पुरानो ठाउँमा घर बनाउन नमिल्ने भएपछि उनीहरू अहिले सरकारी जग्गामा आश्रय लिइरहेका छन् ।'

अस्थायी टहरामा रहेकामध्ये कतिपयको साविक स्थानमा घर बनाउने चाहना र कतिपयले सुरक्षित स्थानमा सरेर घर बनाउन चाहे पनि घडेरीको अभावका कारण समस्या भएको उनको भनाइ छ । 'गैह्रागाउँलाई सरकारले जीवित संग्रहालय बनाउने निर्णय गरेको थियो,' विकले भनिन्, 'त्यहाँका केही स्थानीयवासीले जग्गा दिन नमानेपछि त्यहाँ संग्रहालय बन्ने सकेन त्यसपछि समस्या भयो ।'

**स्मृति उद्यानको काम अलपत्र**

भूकम्पको केन्द्रबिन्दु बारपाकमा निर्माण गर्न लागिएको भूकम्प स्मृति उद्यानको कामसमेत अझै सम्पन्न हुन सकेको छैन । गोरखा भूकम्पमा परेर देशभरका आठ हजार ९७९ जनाले ज्यान गुमाए भने २२ हजार ३०९ जना घाइते भएको तथ्यांकमा उल्लेख छ ।

(क्रमशः पृष्ठ २ मा)

## कतारका अमिरको भ्रमण औपचारिकतामा सीमित

छोटो समयका लागि भएको यस भ्रमणमा के सम्झौता भयो र के लेखियो भन्ने कुराले मात्रै भ्रमणको महत्त्वलाई सीमित गर्दैन । भ्रमणको महत्त्व दूरगामी, व्यापक र महत्त्वपूर्ण पनि हुन्छ ।

■ **शक्तिबहादुर बस्नेत**
मन्त्री, ऊर्जा जलस्रोत तथा सिँचाइ

नेपालको पहिलो भ्रमणका क्रममा आर्थिक सम्बन्धलाई विकास गर्ने र द्विपक्षीय सहयोगलाई माथिल्लो स्तरमा पुर्‍याउनेबारे छलफल भएको छ ।

■ **कतारी अमिर शेख तमिम विन हमाद अल थानी**




**कतारका अमिर शेख तमिम बिन हमाद अल थानी र प्रधानमन्त्री पुष्पकमल दाहालको उपस्थितिमा बुधबार विभिन्न समझदारीपत्र तथा सम्झौतामा हस्ताक्षर गरिँदै ।**
*तस्बिर: प्रदीपराज वन्त/रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** कतारका अमिर (राजा) शेख तमिम विन हमाद अल थानी दुईदिने भ्रमण सकाएर बुधबार स्वदेश फर्किएका छन् । मध्यपूर्वको क्षेत्रफलमा सानो तर प्रभावशाली र धनी देश कतारका अमिरको पहिलो नेपाल भ्रमणले नेपालीमा उत्साह छाए पनि अमूर्त समझदारीले भने नेपालीलाई खिन्न बनाएको छ ।

कतारका राजाको नेपाल भ्रमणमा महत्त्वपूर्ण समझदारीको कुनै तयारी नभएकोले पनि खासै महत्त्वपूर्ण नभएको परराष्ट्रविद् बताउँछन् । 'खासमा उनको भ्रमणको पूर्वतयारी केही थिएन । फिलिपिन्स हुँदै बंगलादेश भएर नेपाललाई ट्राञ्जिटमात्र बनाएका हुन्,' एक परराष्ट्रविद्ले भने ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलेसमेत यसलाई पुष्टि गरेका छन् । उनले छोटो समयका लागि भएको भ्रमणले के सम्झौता भयो भन्ने महत्त्व नराख्ने तर्क गरे । 'छोटो समयका लागि भएको यस भ्रमणमा के सम्झौता भयो र के लेखियो भन्ने कुराले मात्रै भ्रमणको महत्त्वलाई सीमित गर्दैन । भ्रमणको महत्त्व दूरगामी, व्यापक र महत्त्वपूर्ण पनि हुन्छ । मलाई विश्वास छ, यस भ्रमणको ठोस उपलब्धि समयक्रमसँगै व्यावहारिक रूपमा पनि देखिने छ,' मन्त्री बस्नेतले भने । कतारका अमिरको भ्रमणको समग्र व्यवस्थापनलगायतका जिम्मेवारी मन्त्री बस्नेतले पाएका थिए ।

सरकारले भने विभिन्न आठ विषयका सम्झौता र समझदारीपत्रमा हस्ताक्षर गरिएको उल्लेख गर्दै कतारी अमिरको भ्रमण उपलब्धिमूलक भएको दाबी गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

### यी हुन् समझदारीका ८ बुँदा

१ नेपालको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र कतारको संस्कृति मन्त्रालयबीच कला तथा सांस्कृतिक सहकार्यका क्षेत्रमा सहकार्य गर्ने समझदारी ।

२ नेपालको सरकारी समाचार संस्था राष्ट्रिय समाचार समिति तथा कतारको कतार न्युज एजेन्सीबीच समाचार आदानप्रदानको सहकार्यसम्बन्धी सहमति ।

३ नेपाल सरकार तथा कतार सरकारका बीचमा शिक्षा, उच्च शिक्षा तथा वैज्ञानिक खोजका क्षेत्रमा सहकार्य गर्ने समझदारी ।

४ नेपाल सरकार तथा कतार सरकारका बीचमा युवा तथा खेलकुदका क्षेत्रमा सहकार्य गर्ने समझदारी ।

५ नेपाल तथा कतारका महान्यायाधिवक्ता कार्यालय बीचमा सहकार्यको समझदारी ।

६ नेपाल सरकारको परराष्ट्र अध्ययन प्रतिष्ठान तथा कतार सरकारको विदेश मन्त्रालयको कूटनीतिक संस्थाबीच कूटनीतिक तालिम तथा शिक्षाका क्षेत्रमा सहकार्य गर्ने समझदारी ।

७ नेपालको उद्योग वाणिज्य महासंघ र कतारको कतार चेम्बरबीच साझा व्यापारिक परिषद् स्थापना गर्ने सम्झौता ।

८ नेपाल उद्योग वाणिज्य महासंघ तथा कतार चेम्बरबीच समझदारीपत्रको नवीकरण ।

## उपनिर्वाचनको मौन अवधि सुरु

**काठमाडौं (प्रस)–** इलामको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ र बझाङको प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं १ को उपनिर्वाचनअन्तर्गत मौन अवधि सुरु भएको छ । यही वैशाख १५ गते हुने उपनिर्वाचनका लागि जारी गरिएको निर्वाचन आचारसंहिताअनुसार बुधबार रातिदेखि मौन अवधि लागू भएको हो । यस अवधिमा प्रचारप्रसार गर्न निषेध गरिएको छ ।

निर्वाचन आयोगले मतदान हुने दिन यही वैशाख १५ गतेभन्दा ४८ घण्टाअघि वैशाख १२ गते राति १२ बजेदेखि मतगणनाको कार्य सम्पन्न नभएसम्म प्रचारप्रसार गर्न निषेध गरिएको जनाएको छ । आयोगले यस अवधिमा उपनिर्वाचन हुने सम्बन्धित जिल्लामा आचारसंहिता प्रतिकूल हुने गतिविधिको निगरानी तथा नियन्त्रणका लागि सूक्ष्म अनुगमन गरी आचारसंहिता पालना गराउने व्यवस्थासमेत मिलाइसकेको छ ।

निर्वाचन आचारसंहिताबमोजिम प्रचारप्रसार निषेधको अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठीलगायत गर्न तथा उम्मेदवारको पक्ष या विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, एसएमएस, फेसबुक भाइबरजस्ता विद्युतीय माध्यम तथा सामाजिक सञ्जालबाट समेत मत माग्न निषेध छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

## फर्किए कतारका अमिर, श्रम सम्झौता 'अपेक्षा'मै सीमित

■ प्रभाव संवाददाता

**काठमाडौं–** निकै महत्त्वकासाथ हेरिएको कतारका अमिर (राजा) शेख तमिम बिन हमाद अल थानी नेपालको दुईदिने भ्रमण सकेर फर्किएका छन् । ठूलो तामझामका साथ नेपाल आएका उनको स्वागतमा नेपाल सरकारले कुनै कसर बाँकी राखेन । दुई देशबीच केही समझदारीपत्रमा भएका हस्ताक्षरको साक्षी बनेर उनी फर्किसकेका छन् । तर नेपालले अपेक्षा गरेको खास क्षेत्र अर्थात् श्रमसम्बन्धी हुने भनिएको सम्झौता भने हुन सकेन ।



यद्यपि, नेपालीहरूको प्रमुख श्रम गन्तव्यमध्येको एक कतारका अमिर नेपाल आउनुले नेपाली श्रमिकमा उत्साह जगाएको छ । श्रमसम्बन्धी सम्झौता नभएपछि सरोकारवाला र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारीहरू भने खिन्न भएका छन् ।

अमिर थानीको नेपाल भ्रमणका क्रममा कतारसँग सन् २००५ मा भएको श्रम सम्झौताको पुनरावलोकन तथा परिमार्जनसहित पुनः श्रम सम्झौता हुने मन्त्रालयले बताउँदै आएको थियो । ठूलो तयारीका साथ श्रम सम्झौताका लागि बसेको नेपाली पक्ष कतारले कुनै प्रतिक्रिया नजनाउँदा निराश भएको मन्त्रालयका एक उच्च अधिकारीले बताए । उनका अनुसार श्रम सम्झौता हुनेमा श्रममन्त्री डोलप्रसाद अर्यालसमेत ढुक्क थिए । एक साताअघि अर्यालसँगको भेटमा नेपालका लागि कतारका राजदूत मिसाल बिन मोहम्मद अलिले अमिर थानीको भ्रमणका क्रममा श्रम सम्झौता पुनरावलोकन हुनसक्ने बताएका थिए ।

(क्रमशः पृष्ठ २ मा)

## कोरिया रिटर्नीको गुनासो सम्बोधन गर्न छलफल

■ प्रभाव संवाददाता

काठमाडौं– श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कोरिया रिटर्नीको गुनासो सम्बोधन गर्न त्रिपक्षीय छलफल गराएको छ । मन्त्रालयले बुधबार श्रममन्त्री डोलप्रसाद अर्यालको उपस्थितिमा कोरियाको मानव संसाधन विकास सेवा (एचआरडी), वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखा र कोरिया रिटर्नीहरूबीच त्रिपक्षीय छलफल गराएको हो ।




छलफलमा कोरिया रिटर्नीका प्रतिनिधिले एचआरडी कोरिया र इपिएस शाखासँग राखेका विभिन्न जिज्ञासा तथा प्रश्नमाथि एचआरडी कोरियाको परीक्षा शाखा निर्देशक साङहचुन क्वाकले प्रस्टीकरण दिएका थिए । कोरियाबाट फर्किएका नेपाली युवामा इपिएस प्रक्रियामाथि नै शंका रहेको र उनीहरूलाई एचआरडीले विभेद गरेको गुनासो आएपछि गुनासोलाई मेटाउन सम्बन्धित पक्षलाई आमनेसामने गराइएको मन्त्री अर्यालले बताए ।

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

### कतारका अमिरको...

कतारका अमिर अल थानी र प्रधानमन्त्री पुष्पकमल दाहालबीच बुधबार काठमाडौंको सोल्टी होटलमा भएको द्विपक्षीय भेटवार्तापछि ती सम्झौता र समझदारीमा हस्ताक्षर भएको हो ।

कला संस्कृति, शिक्षा, सञ्चार, युवा तथा खेलकुद, कानुनी सहायता र उद्योग वाणिज्य क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको परराष्ट्रका प्रवक्ता अमृत राईले बताए । यसैगरी युवा तथा खेलकुद, दुवै देशका महान्यायाधिवक्ता कार्यालयस्तरीय, कूटनीतिक तालिम र शिक्षासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । सरकारीस्तरमा भएका समझदारीपत्रमा नेपालको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी र कतारको तर्फबाट विदेश राज्यमन्त्री सुल्तान विन साद अल मुराइखीले हस्ताक्षर गरे ।

निजी क्षेत्रतर्फ नेपाल उद्योग वाणिज्य महासंघ र कतार चेम्बर अफ कमर्सबीच लगानी आदानप्रदानसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा नेपालतर्फबाट महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र कतार चेम्बरका तर्फबाट शेख खालिफ विन जसिम अल थानीले हस्ताक्षर गरेका छन् ।

#### पर्यटन व्यवसायी उत्साहित

कतारका अमिर थानीको भ्रमणले नेपालका पर्यटन व्यवसायी उत्साहित भएका छन् । उनको भ्रमणले नेपालको पर्यटनलाई विश्वबजारमा थप प्रवर्द्धन गर्न टेवा पुग्ने सरोकारवाला बताउँछन् ।

नेपाल पर्वतारोहण संघका पूर्वअध्यक्ष आङछिरिङ शेर्पा कतारका अमिरको नेपाल भ्रमणले नेपालको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने बताउँछन् । 'कतारी अमिर अल थानीको भ्रमणले नेपालको पर्यटनलाई धेरै सघाऊ पुग्छ । कतार विकसित मुलुक हो । मध्यपूर्वी कतार, बहराइन, कुवेतलगायत मुलुकबाट 'हाइ इन्ड' पर्यटक नेपाल आउने क्रम बढेको छ,' शेर्पाले भने ।

होटल संघ नेपालका अध्यक्ष विनायक शाह अमिरको भ्रमणले नेपालको पर्यटन क्षेत्रका लागि राम्रो सन्देश दिएको बताउँछन् । 'कतारका अमिरको नेपाल भ्रमण आफैंमा महत्त्वपूर्ण छ । विश्वको उदीयमान मुलुक कतारको विश्वव्यापी रूपमा प्रभाव छ । त्यसैले कतारका विशिष्ट व्यक्तिको भ्रमणबाट नेपालको पर्यटनलाई विश्वबजारमा प्रवर्द्धन गर्न मद्दत पुग्छ,' शाहले भने ।

अध्यक्ष शाहका अनुसार कतारका अमिरको भ्रमणले विश्वलाई नेपालको सन्देश दिएको छ । कतार, युनाइटेड अरब इमिरेटस् (युएई)लगायत मुलुकबाट विगतमा पनि राजपरिवारका सदस्यहरू पदयात्रा र पर्वतारोहणका लागि उल्लेख्य संख्यामा नेपाल आएका थिए । नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछाने कतारका अमिरको भ्रमणले नेपालको पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पार्ने बताउँछन् । 'कतारका राजाले सोल्टीमा बसेर द्वारिकाज होटलमा 'लन्च' खाएको विषयले लग्जरी सेवामा पनि नेपाल अब्बल छ भन्ने सन्देश गएको छ । यो भ्रमणले नेपाल गन्तव्यको विश्वभर प्रचारप्रसार भएको छ । यसले नेपालको पर्यटनमा सकारात्मक उत्साह जगाएको छ,' लामिछानेले भने ।

बोर्डका अनुसार सन् २०२३ मा २५५ कतारी नागरिकले नेपालको भ्रमण गरेका छन् । सन् २०२२ मा २०५, सन् २०२१ मा ७४, सन् २०२० मा ६३, सन् २०१९ मा २८५ र सन् २०१८ मा २९१ कतारी नागरिक नेपाल आएको विभागको तथ्यांकमा उल्लेख छ । यो संख्या बढाउन नेपालमा कतारका अमिरको भ्रमणले सहयोग पुग्ने विश्वास गरिएको छ ।

कतारका अमिरको यो भ्रमणबाट भैरहवा र पोखरास्थित अन्तर्राष्ट्रिय विमानस्थलदेखि दोहामा हवाई सेवा सुरु हुने अपेक्षा गरिएको छ । प्रधानमन्त्री दाहाल र कतारका अमिरबीच भएको भेटवार्तामा पनि सो विषयबारे छलफल भएको थियो ।

'कतार सरकारलाई लुम्बिनी तथा पोखराबाट समेत उडान सञ्चालन गर्ने बारेमा विचार गर्न अनुरोध गर्दछौं,' भेटमा प्रधानमन्त्री दाहालले भने । प्रधानमन्त्री दाहालले काठमाडौं र दोहाबीच हवाई सेवा प्रभावकारी भएको उल्लेख गर्दै कतारका अमिरसमक्ष पोखरा र भैरहवास्थित विमानस्थलबाट पनि दोहामा हवाई सेवा सञ्चालनका लागि आग्रह गरेका थिए ।

मध्यपूर्व एसियाबाट नेपालमा पहिलोपटक यो उच्चस्तरको भ्रमण भएको हो । सरकारले उनको भ्रमणका अवसरमा वैशाख ११ गते नेपालभर सार्वजनिक बिदा दिएको थियो । कतारका अमिरका लागि राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार होटल सोल्टीमा रात्रिभोज र प्रधानमन्त्री दाहालले बुधबार दिउँसो द्वारिकाज होटलमा दिवाभोजको आयोजना गरेका थिए ।

भ्रमणका क्रममा नेपाल र कतारबीच लगानी एवं सहकार्यका विविध क्षेत्रमा सहजीकरण गर्नका लागि दुवै देशका तर्फबाट 'कार्यसमूह' गठन गर्ने समझदारी भएको छ । नेपाल र कतारबीच सन् २००५ मार्च २१ मा नेपाली जनशक्ति रोजगारीसम्बन्धी द्विपक्षीय सम्झौता र त्यसको अतिरिक्त प्रोटोकल (२० जनवरी २००८ मा हस्ताक्षर भएको) थियो । त्यसयता कतारमा नेपाली कामदारको संख्या बढ्दै गएको छ । हाल कतारमा रहेका झण्डै चार लाख नेपाली श्रमिकहरूको हक हित तथा रोजगारी सुरक्षाका विषयमासमेत सो कार्यसमूहले आवश्यक काम गर्ने छ । जसबाट त्यहाँ कार्यरत श्रमिकहरूको विद्यमान समस्या समाधान हुने अपेक्षा गरिएको छ । साथै लगानी सम्मेलनको सम्मुखमा भएको कतारका अमिरको भ्रमणले अन्तर्राष्ट्रिय जगतमा लगानीका दृष्टिले नेपालबारे सकारात्मक सन्देश प्रवाह भएको छ ।

अमिर थानीले सामाजिक सञ्जाल ट्वीटरमार्फत आफ्नो पहिलो भ्रमणका क्रममा नेपालको प्राचीन इतिहासको केही अंश सिक्न पाएको बताउँदै भ्रमणका क्रममा पाएको आतिथ्यताका लागि नेपाल, नेपालका नेताहरू र आमजनतालाई धन्यवाद दिएका छन् । भ्रमणका क्रममा आफूले राष्ट्रपति पौडेल र प्रधानमन्त्री दाहालसँग आर्थिक सम्बन्धलाई विकास गर्ने र द्विपक्षीय सहयोगलाई माथिल्लो स्तरमा पुर्‍याउनेबारे छलफल भएको अमिरले उल्लेख गरेका छन् ।

नेपाल र कतारले सन् १९७७ जनवरी २१ मा कूटनीतिक सम्बन्ध स्थापना गरेका थिए । त्यस समयदेखि नै दुई देशबीचको सम्बन्ध आपसी विश्वास, सम्मान, समझदारी र सहयोगमा आधारित सौहार्दपूर्ण र मैत्रीपूर्ण रहँदै आएको छ । नेपाल र कतारले धेरै अन्तर्राष्ट्रिय एजेन्डा र मुद्दाहरूमा समान धारणा राख्ने भएकाले संयुक्त राष्ट्र संघ, असंलग्न आन्दोलन र अन्य अन्तर्राष्ट्रिय मञ्चमा दुवै देशले विश्व शान्ति, सुरक्षा र विकासका लागि सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् ।

नेपालका तत्कालीन परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले सन् २००५ मार्च २१ मा कतारको भ्रमण गरी नेपाली जनशक्ति रोजगारीसम्बन्धी द्विपक्षीय सम्झौतामा हस्ताक्षर गरेका थिए । त्यस्तै कतार पक्षबाट कतारका महान्यायाधिवक्ता डा. अल बिन फेताइस अल-मरीले सन् २०१४ जुलाई १७ र १८ मा नेपालको भ्रमण गरेका थिए ।

दुवै देश प्राकृतिक स्रोतसाधनले सम्पन्न भएकाले व्यापार, लगानी, कृषि, पर्यटन तथा जनशक्ति उपयोगका क्षेत्रमा सहयोग प्रवर्द्धन गर्ने प्रशस्त सम्भावना रहेको छ । साथै, नेपाल पर्यटन, व्यापार र लगानीको अवसरको गन्तव्यको रूपमा मनपर्ने देश भएकोले नेपाल र कतार दुवैले तुलनात्मक लाभ हुने क्षेत्रमा आर्थिक सम्बन्धलाई बढावा दिनुपर्छ । नेपाल र कतारबीच सहकार्य गर्ने महत्त्वपूर्ण क्षेत्र पर्यटन हो ।

#### वीपिन जोशीको खोजिदिन आग्रह

भ्रमणका क्रममा राष्ट्रपति पौडेल र प्रधानमन्त्री दाहालले इजरायलमा हमासको आक्रमणमा परी बेपत्ता भएका नेपाली विद्यार्थी वीपिन जोशीको सकुशल रिहाइका लागि पहल गरिदिन आग्रह गरेका थिए । ' आफ्नो शैक्षिक प्रयोगात्मक परीक्षाका लागि इजरायलमा रहेका निर्दोष नेपाली विद्यार्थी वीपिन जोशी गत अक्टोबर ७ मा इजरायलमा हमासले गरेको आक्रमणपश्चात् बेपत्ता छन् र उनको अवस्था हालसम्म पनि थाहा हुन सकेको छैन,' प्रधानमन्त्री दाहालको भनाइ उद्धृत गर्दै उनको सचिवालयले भनेको छ, 'म उनको शीघ्र तथा सुरक्षित रिहाइको सहजीकरणका लागि कतार सरकारसमक्ष पुनः अनुरोध गर्न चाहन्छु ।' *राससको सहयोगमा*

■■■

### पीडित अझै...

भूकम्पमा परेर ज्यान गुमाएकाको सम्झनामा केन्द्रबिन्दु बारपार्कमा भूकम्प स्मृति उद्यान निर्माण गर्न लागिएको छ । तर अहिलेसम्म पनि स्मृति उद्यानको काम सम्पन हुन नसकेको संघीय आयोजना कार्यान्वयन एकाइ पोखराका इञ्जिनियर पुरुषोत्तम पंगेनीले जानकारी दिए ।

'पूर्वाधार निर्माणको काम त करिब ९८ प्रतिशत नै सकिएको छ,' उनले भने, 'स्मृति उद्यानमा राख्नका लागि भूकम्पमा परेर ज्यान गुमाएका व्यक्तिको नामावली प्राप्त नहुँदा उद्यान निर्माणको काम सम्पन्न हुन सकिरहेको छैन ।' उद्यान निर्माणका क्रममा गोरखा भूकम्पमा परेर ज्यान गुमाएका सबैको नाम स्मृति उद्यानमा ताम्रापत्रमा लेखेर राख्नेगरी सम्झौता भएको उनको भनाइ छ । उद्यानमा भूकम्पमा परी निधन भएका १४ वटै जिल्लाका मृतकको छुट्टाछुट्टै स्तम्भ रहने छ । 'अब ताम्रापत्रमा भूकम्पमा ज्यान गुमाएकाको नाम लेख्न बाँकी रहेको छ,' इञ्जिनियर पंगेनीले भने, 'गृह मन्त्रालयलाई नाम उपलब्ध गराउन भने पनि गृहले अहिलेसम्म नाम उपलब्ध नगराएकाले काम रोकिएको हो ।'

स्मृति उद्यानमा स्तम्भ मण्डला निर्माणमा गरिएको छ भने मण्डलामा चिप्स राख्ने, रङरोगन गर्नेलगायतका कामसमेत सम्पन्न भइसकेको इञ्जिनियर पंगेनीले बताए । त्यस्तै उद्यानसम्म पुग्नका लागि ४०० मिटर सडक कालोपत्र गरिएको, वाल निर्माण, क्यानटिन पार्क निर्माण, टिकट काउन्टर निर्माणको काम सम्पन्न भइसकेको छ । पार्कमा दुई शौचालय, एक चमेना गृह, पार्किङस्थलसमेत निर्माण गरिएको इञ्जिनियर पंगेनीले जानकारी दिए । सरकारी स्वामित्वको झण्डै २१६ रोपनी क्षेत्रफलमा स्तम्भ, बगैंचालगायतका अन्य आवश्यक संरचना निर्माण गरिएको उनले बताए ।

तोकिएको समयमा काम नहुँदा कार्यालयले ठेकेदार कम्पनीलाई पाँचपटक म्याद थप गरेर काम गरेको इञ्जिनियर पंगेनीले बताए । निर्माणमा ढिलाइ हुँदा पार्क निर्माण सम्पन्न गर्न सुरुमा १३ करोड छ लाख ३४ हजार रूपैयाँमा ठेक्का सम्झौता गरिएको भए पनि पुनः परिमार्जित सम्झौताअनुसार लागत १५ करोड ५१ लाख ७५ हजार रूपैयाँ पुगेको आयोजना कार्यालयले जनाएको छ ।

'उद्यान निर्माणको काम लगभग सकिएको छ । भूकम्पमा परेर ज्यान गुमाएका सबैको नाम ताम्रापत्रमा लेखेर राख्नेगरी सम्झौता भएको थियो,' उनले भने, 'हामीले गृह मन्त्रालयसम्म अनुरोध गरिरहेका छौं ।' कार्यालयले भूकम्प स्मृति उद्यान निर्माणका लागि २०७४ मंसिर १४ गते स्वच्छन्द/होम निर्माण जेभीसँग ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार ३० महिनामा काम सम्पन्न गर्ने भनिए पनि ढिलो गरी भर्खरै मात्र भौतिक संरचना निर्माणको काम सम्पन्न भएको उनले बताए ।

#### इपिसेन्टरलाई पहाडको सहर बनाउने सपना

बारपाक सुलिकोट गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले भूकम्पपछि एउटा गाउँको रूपमा रहेको बारपाक अहिले पहाडको नयाँ सहरको रूपमा स्थापित हुन लागेको बताए । 'भूकम्पपछि बारपाकको प्रचारमा पनि फरक भयो,' उनले भने, 'भूकम्पले धेरै घर ध्वस्त थिए, भूकम्प पछाडि बारपाक कस्तो बन्यो होला भन्ने धेरै मान्छेहरूलाई चासो हुनु स्वाभाविक नै थियो, त्यसकारण पनि बाहिरका मानिसहरू बारपाक हेर्न र घुम्न आउने क्रम बढ्दै गएको छ ।'

अध्यक्ष भट्टले बारपाकमा बन्न लागेको भूकम्प स्मृति उद्यानले भूकम्पको केन्द्रबिन्दु बारपाकमात्र नभएर गोरखा भूकम्पको अध्ययन र अवलोकन गर्ने अवसरसमेत प्रदान गर्ने बताए । 'स्मृति उद्यानसँगै हामीले संग्रहालय बनाउने योजना पनि छ,' उनले भने, 'संग्रहालयमा भूकम्प बेलाको चित्र, तस्बिर, भूकम्पका बेलाका भिडियोसहित त्यसबेलाको अवस्थालाई जीवन्त झल्काउने प्रयास पनि गर्नेछौं ।'

स्मृति उद्यान र संग्रहालयमार्फत गाउँपालिकाले नेपालभरका नागरिकलाई बारपाकमा पर्यटकको रूपमा भित्र्याएर विपद्बाट बच्न र सतर्कता अपनाउन शिक्षा पनि दिन चाहेको अध्यक्ष भट्टले बताए । 'भूकम्पपछि पुनर्निर्माणको काम लगभग अन्तिम अवस्था आइसकेको छ,' उनले भने, 'बारपाकमा गल्लीलाई व्यवस्थित गर्ने पनि हाम्रो तयारी छ, ढल व्यवस्थापन, खानेपानीको आयोजनालाई व्यवस्थापन गर्दै बारपाकलाई नयाँ पहाडी सहरको रूपमा स्थापित गर्ने तयारी गरिरहेका छौं ।' *रासस*

■■■

### उपनिर्वाचनको मौन ...

निर्वाचन आचारसंहिताविपरीत वक्तव्य दिने, प्रेस विज्ञप्ति निकाल्ने, प्रकाशन तथा प्रसारण गर्ने, सञ्चार माध्यमबाट जित वा हारको पूर्वानुमानका सामग्री प्रकाशन तथा प्रसारण जस्ता कार्य नगरी निर्वाचनको स्वच्छता र निष्पक्षता कायम गर्न आयोगले बुधबार जानकारी गराएको छ ।

उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन प्रचारप्रसार निषेध अवधिको अनुगमन र निगरानी गरी सोको जानकारी आयोगलाई गराउन सम्बन्धित निकायलाई निर्देश गरिएको आयोगका उपसचिव एवं सहायक प्रवक्ता रामदत्त पाण्डेयले जानकारी दिए ।

■■■

### फर्किए कतारका...

'सोहीअनुरूप तयारी गरेर परराष्ट्र मन्त्रालयमार्फत सम्झौता पुनरावलोकनका लागि प्रस्ताव गरिएको थियो,' ती अधिकारीले भने, 'हुन्छ, हुन्छ भने पनि अमिरको भ्रमणको अन्तिम समयसम्म कुनै प्रतिक्रिया आएन र श्रम सम्झौताको विषय उठाउने कुरै भएन ।'

नेपालले विभिन्न फोरममा पनि कतारसँग श्रम समझदारी पुनरावलोकन तथा परिमार्जनका लागि आवश्यक सम्झौता गर्ने सम्बन्धमा प्रस्ताव राख्दै आएको छ । यसअघि संयुक्त अरब इमिरेट्स (युएई)मा भएको अबुधाबी डाइलगमा सहभागी नेपालले साइडलाइन वार्ताका क्रममा कतारसँग श्रम सम्झौताको प्रस्ताव राखेको थियो । त्यसबेला पनि कतारले सहमति जनाउँदै अमिर थानीको नेपाल भ्रमणका क्रममा हस्ताक्षर हुने आश्वासन दिएको मन्त्रालयकै अधिकारीहरू बताउँछन् ।

नेपाल भ्रमणका क्रममा अमिर थानीले कतारको विकासमा नेपाली श्रमिकको भूमिका उच्च रहेको भन्दै प्रशंसा गरेको प्रधानमन्त्री पुष्पकमल दाहालको सचिवालयले जनाएको छ । प्रधानमन्त्री दाहालसँग बुधबार भएको द्विपक्षीय भेटवार्तामा कतारका अमिर थानीले नेपालको प्रशंसा गर्दै आगामी दिनमा थप रोजगारी उपलब्ध गराउने प्रतिबद्धतासमेत जनाएको बताइएको छ । साथै उनले नेपाली श्रमिकको सीप विकास तथा क्षमता अभिवृद्धि गर्न पनि सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । यसअघि मंगलबार राष्ट्रपति राचन्द्र पौडेलसँगको भेटमा पनि अमिर थानीले नेपाली श्रमिकका लागि अझ राम्रो क्षेत्रमा रोजगारी खुला गर्ने बताएका थिए ।

■■■

### कोरिया रिटर्नीको...

'श्रमिकको गुनासो सीधै सम्बन्धित निकायसमक्ष राख्न छलफल गराइएको हो,' उनले भने, 'छलफलपछि सहभागी पक्षहरूको जिज्ञासा मेटियो भन्नेमा म विश्वस्त छु ।' छलफलमा कोरिया रिटर्नीले एचआरडी कोरियाले श्रमिक छनोटमा विभेद गरेको, कोरिया रिटर्नीको फाइल रोजगारदातामा नपुर्‍याएको, महिला श्रमिकलाई छनोट नगरेकोलगायतका गुनासो गरेका थिए । त्यस्तै, नयाँलाई मात्रै प्राथमिकता दिएको गुनासो गरेका थिए ।

कोरिया रिटर्नीको गुनासोलाई सम्बोधन गर्दै एचआरडी कोरियाको छनोट विभागका निर्देशक क्वाकले कोरिया जाने श्रमिकको छनोटको पूर्णअधिकार रोजगारदातामा निहित हुने बताए । एचआरडी कोरियाले नेपाल-कोरियाबीच भएको सम्झौताअनुसार श्रमिक छनोट गरी रोस्टरमा मात्रै राख्ने काममात्र गर्ने उनले बताए । श्रमिकको फाइल पठाउने वा श्रमिक छनोट गर्ने प्रक्रियामा कुनै पनि निकायको संलग्नता नहुने उनले स्पष्ट पारे ।

'हामीले अनलाइनमार्फत पारदर्शी रूपमा नै परीक्षा लिन्छौं, उत्तीर्ण भएका श्रमिकलाई रोस्टरमा सूचीकृत गर्छौं, तर श्रमिकको छनोट रोजगारदाताले नै गर्छ,' उनले भने, 'यसरी कोरियाको श्रम मन्त्रालयअन्तर्गतको जब सेन्टरले रोस्टरमा रहेका श्रमिकको सूची रोजगारदाताकहाँ पुर्‍याउँछ, उनीहरूले आफ्नो आवश्यकताको आधारमा छनोट गर्न पनि सक्छन् नगर्न पनि सक्छन् ।'

श्रमिक छनोट गर्ने प्रक्रियाको विषयमा नेपालीमाझ गलत सूचना फैलिएकोप्रति उनले दुःख व्यक्त गरे । गलत सूचनामा भर नपर्न उनले आग्रह गरे । त्यस्तै, कोरियन रोजगारदाताले नेपाली श्रमिकलाई अति नै रुचाएको पनि उनले बताए । सन् २०२३ मा नेपालबाट करिब १९ हजार ६८९ नेपाली श्रमिक कोरिया पुगेका थिए । नेपालले सबैभन्दा धेरै श्रमिक पठाउन सफल भएको भन्दै कोरियाले पुरस्कृत पनि गरेको थियो ।

त्यस्तै, कोरियाको रोजगारदातालाई श्रमिकको आवश्यकता परेमा अनलाइनमार्फत जब सेन्टरमा श्रमिकको माग गर्छन् । जब सेन्टरले रोजगारदाताले तोकेको मापदण्ड पुगेका श्रमिकको सूची पठाउँछ । यसरी जब सेन्टरले श्रमिकको सूची पठाउँदा तीन गुणा बढी पठाउँछ । जस्तै, कुनै रोजगारदाताले १०० जना श्रमिकको माग गरेमा जब सेन्टरले ३०० जनाको सूची पठाउँछ । यसरी जब सेन्टरले पठाएको सूचीबाट रोजगारदाताले श्रमिक छनोट गर्छ । श्रमिक छनोट गर्ने पूर्ण अधिकार रोजगारदातामा नै हुने हुँदा यसमा कुनै पनि निकाय वा व्यक्तिको संलग्नता नहुने इपिएस कोरिया सेन्टर र इपिएस शाखाको दाबी छ ।

कोरिया र नेपालबीच इपिएसमार्फत रोजगारीका लागि सन् २००७ मा सम्झौता भएको हो । सन् २००८ देखि नेपाली श्रमिक कोरिया रोजगारीमा जान थालेका हुन् । पहिलो चरणमा ५५ जना नेपाली श्रमिक इपिएसमार्फत कोरिया पुगेका थिए । कोरियाले सन् २०२३ सम्ममा कृषि तथा पशुपालन तथा उत्पादन क्षेत्रमा नेपाली श्रमिक लैजाँदै आएकोमा अहिले शिप बिल्डिङ क्षेत्रमा पनि लैजान थालेको छ ।

# जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय संवाद कार्यक्रमको वेबसाइट सार्वजनिक

**काठमाडा (प्रस)**– नेपालले आगामी जेठ ९ र १० गते काठमाडौंमा आयोजना गर्न लागेको 'हिमाल, मानव र जलवायु परिवर्तन विषयको अन्तर्राष्ट्रिय संवाद' कार्यक्रमको नयाँ वेबसाइट सार्वजनिक गरिएको छ ।

वन तथा वातावरण मन्त्रालयले बुधबार एक कार्यक्रम आयोजना गरी उक्त कार्यक्रमको तयारीका लागि 'माउन्टेन डट एमओएफइ डटजिओभी डटएनपी' नामक वेबसाइट सार्वजनिक गरेको हो । प्रधानमन्त्री पुष्पकमल दाहालका जलवायु सल्लाहकार डा. पुपलर जेण्टलले वेबसाइट सार्वजनिक गर्दै यसबाट स्वदेश तथा विदेशमा रहेका सरोकारवाला विज्ञहरूले संवादबारेमा जानकारी तथा सूचना सहजरूपमा प्राप्त गर्ने बताए ।

वेबसाइटमा संवादको तयारीका क्रममा गरिने कार्यका संवाद समापन सम्पन्न सम्मका सूचना राख्दै जाने मन्त्रालयका सहसचिव डा. महेश्वर ढकालले बताए । जलवायु परिवर्तनसम्बन्धी यो विज्ञ संवादको उद्देश्य जलवायु परिवर्तनको सन्दर्भमा पर्वतीय पारिस्थितिकीय प्रणालीमा आधारित जलवायु उत्थानशील कार्यलाई सुदृढ, समन्वय र प्राथमिकता दिने रहेको छ । साथै पर्वतीय देशहरू र सम्बद्ध सबै सरोकारवालालाई जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन महासन्धिअन्तर्गतका कार्यक्रममा सहकार्य गर्न वातावरण बनाउने लक्ष्य राखिएको छ ।

यस संवादले पर्वतीय राष्ट्रहरूका सरकार, सरोकारवाला र सहयोगीलाई हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरहरू र यसका समाधानहरू सम्बन्धमा अझ गहनरूपमा बुझ्न, विशेषज्ञता र अनुभवलाई एकीकृत गर्न र साझा संकल्पसहित पर्वतीय जलवायु उत्थानशील रणनीति विकास गर्न मद्दत गर्ने सहसचिव ढकालले बताए ।

विशेषज्ञ संवादको उद्घाटन प्रधानमन्त्री दाहालले गर्ने कार्यक्रम छ । त्यस्तै तीनवटा प्रमुख विषयगत क्षेत्रमा आधारित रहेर दुईवटा प्लेनरी र सातवटा संवाद सञ्चालन गर्ने गरी तयारी गरिएको छ । पहिलो सत्रमा ' जलवायु विज्ञान र पर्वतीय तथ्य र तथ्यांक' को विषयवस्तुमा जलवायु परिवर्तनको प्रभाव, संकटासन्नता र जोखिम, हिमाली क्षेत्रमा भइरहेको वातावरणीय संकटको विषयमा आवश्यक प्रमाण समेट्ने सत्र समावेश गरिने छ ।

दोस्रो सत्रमा 'प्रकृतिमा आधारित पर्वतीय उत्थानशीलताका उपायहरू'मा केन्द्रित भएर छलफल गरिने छ । त्यस्तै तेस्रो सत्रमा 'पर्वतीय क्षेत्रको संरक्षणका लागि आवश्यक पर्ने सम्भावित स्रोत र अवसरहरूको खोजी गर्ने गरी' अन्तर्राष्ट्रिय सहयोग र क्षेत्रीय साझेदारीलाई अभिवृद्धि गर्ने खालका विषयहरू समावेश गरिएको छ ।

उक्त विशेषज्ञ संवादमा नेपाललगायत पर्वतीय देशहरू, अन्तर्राष्ट्रिय समुदाय, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाजका प्रतिनिधि र सञ्चारकर्मीसमेत गरी २०० जनाभन्दा बढी सहभागी हुने अपेक्षा गरिएको छ ।


**श्री युवा सहभागिता माध्यामिक विद्यालय**
**नागार्जुन नगरपालिका-०५, काठमाडौं**

**पुन सिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रकाशित मिति: २०८१/०१/१३

बागमती प्रदेश सरकारको सहयोगमा यस विद्यालयलाई अनलाइनबाट शैक्षिक उपलब्धिमा आधारित अनुदानको विज्ञान प्रयोगशाला उपकरण खरिद कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त व्यवसायीहरूबाट रित पूर्वक शिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ । विस्तृत जानकारीको लागि यस विद्यालयको प्रधानाध्यापकको सम्पर्क नं. ९८४१६८९०७१ मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

| ठेक्का नं. | खरिद सम्बन्धी बिवरण | फाराम दस्तुर (रु.) | जमानत रकम (रु.) | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| 02/080/81(Re) | विज्ञान प्रयोगशाला | १००० | १५,०००/- | वैशाख २७ गते बेलुकी ५:०० बजे | वैशाख २८ गते बिहान ११:०० बजे |

प्रधानाध्यापक



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAMARA TRADING EST.
पुर्व स्वीकृति मिति २०८१/०१/१२ LT. No. 303738 चलानी नं. ६०२१८५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 10 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : WAJHAT AL MOZEN CONTRACTING EST.
पुर्व स्वीकृति मिति २०८१/०१/१२ LT. No. 303739 चलानी नं. ६०२१८५६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 17 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AMJAD MOHAMMED AHMED AL ZAHRANI EST. FOR WHOLESALE AND RETAIL TRADE
पुर्व स्वीकृति मिति २०८१/०१/१२ LT. No. 303740 चलानी नं. ६०२१८५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Worker | 3 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASMAA SAUD SAAD AL RASHIDI CONTRACTING COMPANY
पुर्व स्वीकृति मिति २०८०/१२/२७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१२ LT. No. 303244 चलानी नं. ६०२१८०७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८
**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-HUR INTERNATIONAL COMPANY FOR DELIVERING CONSUMER ORDERS
पूर्व स्वीकृति मिति २०८०/१२/२० पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१२ LT. No. 302812 चलानी नं. ६०२१८५७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 8 | 0 | 135 | ५८,४३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०
**SPACE HR SOLUTIONS PVT.LTD**
Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 9841415166
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com



**मनमैजु जात्रा** | काठमाडौंको तारकेश्वर नगरपालिका–९ स्थित मनमैजु जात्रामा सहभागी स्थानीयवासी ।

*तस्बिरः हरिराम भेटुवाल/रासस*

## त्रिविका कानुनी सल्लाहकार खनाललाई कारबाही नगर्न आदेश

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले त्रिभुवन विश्वविद्यालयका प्रमुख कानुनी सल्लाहकार एवं अधिवक्ता नारायण खनाललाई तत्कालका लागि कुनै कारबाही नगर्न अल्पकालीन आदेश दिएको छ ।

न्यायाधीश तीलप्रसाद श्रेष्ठको एकल इजलासले बुधबार त्रिविका कानुनी सल्लाहकार खनाललाई कुनै पनि कारबाही नगर्न सरकार एवं त्रिभुवन विश्वविद्यालयका नाममा अल्पकालीन अन्तरिम आदेश दिएको हो । शिक्षा मन्त्रालयले केही दिनअघि चिकित्सा शिक्षा जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्दै त्यसमा नाम जोडिएकालाई कारबाही गर्न निर्देशन दिएको थियो । त्रिविका कानुनी सल्लाहकार खनालले विनाप्रमाण र अनाहकमा आफूमाथि कारबाहीको सिफारिस गरेको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । उक्त निवेदनमाथिको सुनुवाइपछि अदालतले कारबाही नगर्न आदेश दिएको हो ।


# सन्तोषजनक छैन विश्वमा मानवअधिकारको अवस्था

■ कालिका खड्का

**काठमाडौं–** विश्वमा मानवअधिकारको अवस्था सन्तोषजनक नभएको देखिएको छ । एम्नेस्टी इन्टरनेसनल नेपालले सार्वजनिक गरेको सन् २०२३ मा विश्व मानवअधिकारको अवस्थासम्बन्धी प्रतिवेदनले यस्तो देखाएको हो । एम्नेस्टी इन्टरनेसनल नेपालका अध्यक्ष विपिन बुढाथोकीले बुधबार सार्वजनिक मानवअधिकारसम्बन्धी वार्षिक प्रतिवेदनमा विश्वका विभिन्न ठाउँमा भइरहेका युद्ध, आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रयोग, दुर्व्यवहारजस्ता कारणले मानवअधिकारको अवस्था सन्तोषजनक नभएको उल्लेख भएको बताए ।

'द्वन्द्वमा परेका नागरिकहरूले उच्चतम मूल्य चुकाइरहेकोमा शक्तिशाली सरकारहरूले मानवतालाई प्रभावकारी अन्तर्राष्ट्रिय कानुनविनाको एउटा युगमा पुर्‍याइरहेका छन्,' प्रतिवेदनमा भनिएको छ, 'द्रुतगतिमा विकास भइरहेको आर्टिफिसियल इन्टेलिजेन्सका कारण पनि समस्या भइरहेको छ ।' प्रतिवेदनमा दुर्व्यवहारविरुद्ध उभिँदै र मानवअधिकार संरक्षण तथा साझा मानवताको सम्मानको माग गर्दै विश्वभरका मानिसहरू अभूतपूर्व संख्यामा परिचालित भएको अवस्था रहेको जनाइएको छ । विश्वका १५५ देशको मानवअधिकारको अवस्थाको मूल्यांकनसहितको वार्षिक प्रतिवेदनमा अन्तर्राष्ट्रिय कानुन कार्यान्वयन प्रभावकारी नहुँदा विश्वले एउटा डरलाग्दो परिणाम भोगिरहेको उल्लेख छ ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई)मा भइरहेको द्रुत प्रगतिसँगै कानुनको शासनको क्षयीकरणमा थप वृद्धि हुने सम्भावना रहेको र यदि एआईको विकासको तुलनामा नियमन पछाडि नै रहने क्रम जारी रहने हो भने यसले मानवअधिकारको उल्लंघनका घटना बढाउन जोखिम रहेकोसमेत औंल्याइएको छ ।



एम्नेस्टी इन्टरनेसनलका महासचिव आग्नेस कालामारका अनुसार गहिरिँदो विश्वव्यापी असमानता, सर्वोच्चताका लागि तल्लीन महाशक्तिहरू र बढ्दो जलवायु संकटको बीचमा मानवअधिकारको दमन र अन्तर्राष्ट्रिय कानुनको उल्लंघन बढ्दो रहेको पाइएको छ ।

प्रतिवेदनमा सैनिक, राजनीतिक र व्यावसायिककर्ताले हतियारको रूपमा नियमित प्रयोग गरिरहेका नयाँ र परिचित प्रविधिको अनियन्त्रित प्रयोगले द्वन्द्वग्रस्त क्षेत्र र अन्यत्र अराजकता, विभेद र दण्डहीनता फैलाउनलाई बल प्रदान गरेको उल्लेख छ । प्रतिवेदनमा भनिएको छ, 'बढ्दो गतिको अनिश्चितताले घेरिएको वर्तमान विश्वमा विकसित प्रविधि बिस्तार र प्रयोग अन्तर्राष्ट्रिय कानुन र मानवअधिकारका उल्लंघनलाई बढोत्तरी गर्ने माध्यम बनेको छ ।'

एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदनले राजनीतिक दलका नेतार संस्थाद्वारा मानवअधिकारका सिद्धान्तमाथि विश्वासघात गरेको कठोर मूल्यांकन प्रस्तुत गरेको छ । बढ्दो द्वन्द्वहरूको बीच धेरै शक्तिशाली राज्यको व्यवहारले बहुपक्षीयताको विश्वसनीयतालाई थप क्षति पुर्‍याएको र सन् १९४५ मा पहिलोपटक स्थापना गरिएको विश्वव्यापी नियममा आधारित व्यवस्थालाई कमजोर बनाएको प्रतिवेदनले देखाएको छ ।

गत अक्टोबर ७ मा हमास र अन्य सशस्त्र समूहहरूले गरेको भयानक हमलापछि मानवअधिकार उल्लंघनमा बढावा दिएको, अत्यावश्यक मानवीय सहायताको पहुँचमा रोक लगाइएको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा गलत सूचना फैलाउन, समुदायहरूलाई एकअर्काको विरुद्धमा खडा गराउन र अल्पसंख्यकमाथि आक्रमण गर्नका लागि राजनीतिक शक्तिको सहयोग र मतियारीका लागि नयाँ तथा विद्यमान प्रविधिलाई हतियार बनाइएको औंल्याइएको छ ।

'प्रविधिहरूको अनियन्त्रित विकासले निम्त्याउने जोखिम र यसबारे नियमन र सुरक्षणका सवालमा जुन ठाउँमा हुनुपर्ने हो, त्यसबीच ठूलो खाडल रहेको छ,' प्रतिवेदनमा भनिएको छ, 'यो भविष्यको पूर्वानुमान हो, अनियन्त्रित प्रविधिको व्यापक बिस्तारलाई कम नगर्ने हो भने यो समस्या अझ खराबमात्रै हुने छ ।' एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले सन् २०२३ मा नेपालमा पनि मानवअधिकारको अवस्था सन्तोषजनक नभएको बताए । प्रतिवेदनमा नेपालमा पहिलोपटक यौनिक तथा अल्पसंख्यक जोडीलाई विवाह दर्ता गरिएको राम्रो पक्ष प्रतिवेदनमा छ । *रासस*


नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

**श्री सैनिक परिवहन गण, थापाथली काठमाडौ**

**बोलपत्र आव्हानको सूचना**

सुचना नं. २०८०/८१/०१

प्रथम पटक प्रकाशित मिति २०८१/०१/१३ गते ।

आ.ब.२०८०/८१ मा निम्न बमोजिमका कार्य गर्न e–GP System को माध्यमबाट बोलपत्र आह्वान गरिएको हुंदा नेपाल सरकारबाट सम्बन्धित कार्यको ईजाजत प्राप्त ईच्छुक बोलपत्र दाताहरुले बिस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट http://www.bolpatra.gov.np/egp हेर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | युनिट | स्थान | विवरण | कै. |
|---|---|---|---|---|
| १ | सैनिक परिवहन गण | थापाथली व्यारेक | निर्मित भौतिक संरचनाको आयु थपहुने सुधार कार्य | |



# धनगढी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**धनगढी, कैलाली**

## बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

**प्रकाशित मिति २०८१/०१/१३**

यस धनगढी उप- महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८०/०८१ अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यकालागि प्रकाशित सूचना अनुसार न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिकालागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का न. | कामको विवरण | फर्म/ कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 44/DSMC/ 2080/081 | Construction of Urban Black Top Road and Side Drain Works at Ward No. 04 Shivapuri Dham Road and Ward No. 03 Kedar Tole Road | श्री मोहन/ बि एण्ड पि/ युनिटि जे. भी. धनगढी, कैलाली | रु. २,८६,२९,०३४/४५ मु. अ. क. बाहेक |

**प्रमुख प्रशासकीय अधिकृत**



# कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडको

**केन्द्रीय कार्यालय : कुमारी सहकारी भवन, कुमारी चोक, चावहिल काठमाडौं**

फोन नं.४५७८००६, ४५६५१०२

सदस्य सेवा केन्द्रहरू : कालिमाटी : ५३८२५२४ । ठमेल : ४५१२८४२ । साँखु : ४५५१८७३

माछा पोखरी : ४३८३६८९

## ऋणीलाई ऋणकर्जा चुक्ताभुक्तान गर्न जारी गरिएको ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०१/१३ गते, बिहीबार**

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. बाट तपशिलमा उल्लेखित ऋणीहरूले प्राप्त गरेको ऋण कर्जाको समयावधि समाप्त भएको तथा यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज र हर्जना लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक-पटक तारताकेता गरेको, सो गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा यथाशीघ्र यस संस्थामा सम्पर्क गरी कर्जाको तिर्नुपर्ने भाखा नाघेको साँवा ब्याज र हर्जना सहित सम्पूर्ण रकम चुक्ता गर्नु हुन सूचित गरिन्छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६, संस्थाको स्वीकृत विनियम, संस्थाको कर्जा असुली नीति २०६२ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य जायजेथा जो जे बाट हुन्छ असुलउपर गरिने छ । असुल उपर हुन नसकेको ऋण रकम ऋणी, जमानी तथा धनजमानी दिनेको घर, जायजेथा, चलअचल श्री सम्पत्ति जो जे हुन्छ । सो समेतबाट असुलउपर गरिने व्योहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम ठेगाना (तीनपुस्ते) | ब्यक्तिगत जमानी/ धनजमानीको नाम ठेगाना | धितोको बिवरण |
|---|---|---|
| **मणि कुमार तिवारी**<br>बाजेको नाम :- सन्ते कामी<br>बुवाको नाम :- सोम बहादुर कामी<br>स्थायी ठेगाना :- जिल्ला सिन्धुपाल्चोक नवलपुर गा.पा. वडा नं. १, सिन्धुपाल्चोक<br>हालको ठेगाना :- गोकर्णेश्वर नपा, बडा नं.४, काठमाडौं | **जयन्ती तिवारी**<br>ससुराको नाम :- सोम बहादुर कामी<br>श्रीमानको नाम :-मणी कुमार तिवारी<br>बुवाको नाम :-जयन्त लाल श्रेष्ठ<br>स्थायी ठेगाना :- जिल्ला सिन्धुपाल्चोक नवलपुर गा.पा. वडा नं. १ सिन्धुपाल्चोक ।<br>हालको ठेगाना :- गोकर्णेश्वर नपा,बडा नं.४, काठमाडौं | काठमाडौं जिल्ला जोरपाटी गा.वि.स वडा नं. ४ नक्सा सिट नं. १०२१०२९०८ कित्ता नं. ८८ को क्षेत्रफल ८२१४८ ब.मि.क्षेत्रफलमा बनेको घर जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । |



## धितोमा रहेको अचल सम्पत्ति लिलाम बढाबढ गर्ने बारे ३५ दिने सार्वजनिक सूचना
**प्रकाशित मिति :- २०८१/०१/१३ गतेको प्रभाव राष्ट्रिय दैनिक**

यस संस्थाबाट कर्जा लिएका तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले अचल सम्पत्ति धितो राखी लिएको ऋण कर्जाको यस संस्थासंग गरेको शर्त सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज लगायत अन्य दै दस्तुर आदि नतिरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले संस्थाको सम्पूर्ण लेना रकम चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तर- ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यस संस्थालाई लेखिदिएको तपशिल बमोजिमको अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बढाबढबाट बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने हुँदा ईच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही लिलाम बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै संस्थामा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा संस्था आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम र ठेगाना | धितोको विवरण |
|---|---|---|
| १. | ऋणीको नाम : कुलमान तामाङ<br>ना.प्र.प.नं. : ५५१३१,काभ्रेपलान्चोक<br>जारी मिति : २०५१/१२/२९<br>बाबुको नाम : धर्म सिं तामाङ<br>बाजेको नाम : जितमान तामाङ<br>स्थाई ठेगाना : खार्पाचोक-७, काभ्रेपलान्चोक<br>हाल : मनमैजु-७, काठमाण्डौ | ऋणीको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला गोलढुंगा गा.वि.स./न.पा. वडा नं. १ख स्थित कि.नं. ५३२ को क्षेत्रफल ०-४-०-० भएको घरजग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| २. | ऋणीको नाम : डम्बर बहादुर तामाङ्ग (बम्जन)<br>ना.प्र.प.नं. : ७१९/२७६९/२१६,काठमाण्डौ<br>जारी मिति : २०३८/१०/१४<br>बाबुको नाम : दर्ज बहादुर तामाङ्ग<br>बाजेको नाम : सिंग विर तामाङ्ग<br>स्थाई ठेगाना : पात्ले, ओखलढुंगा<br>हाल : काठमाण्डौ-१०, बानेश्वर | ऋणीको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला सिपाडोल गा.वि.स. वडा नं. २ख स्थित कि.नं. ६२६,९४२ र ६१६ को क्रमशः १-३-०-०, ०-११-०-० र १-१५-१ रोपनी क्षेत्रफल भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**लिलामका शर्तहरु:-**

१. बोलपत्र आवेदन फाराम रु.१,०००/-(पछि फिर्ता नहुने गरी) तिरी यस संस्थाको मुख्य कार्यालय खुशिबुँ एकीकरण मार्ग,काठमाण्डौबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र अर्थात मिति २०८१/०२/१६ गते कार्यालय समय भित्र संस्थाको मुख्य कार्यालय खुशिबुँ एकीकरण मार्ग,काठमाण्डौमा बुझाई सक्नु पर्नेछ ।
३. बोलपत्र बुझाउने अन्तिम दिन संस्था बिदा भएमा बिदाको लगतै संस्था खुलेको दिनमा कार्यालय समय भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै लिलाम बढाबढ हुने दिन संस्था बिदा भएमा बिदाको लगतै संस्था खुलेको दिन तोकिएको समयमा लिलामा बढाबढ हुनेछ ।
४. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्था तथा परिमाणमा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत संस्थामा जम्मा गर्नु पर्नेछ ।
६. लिलाम सकार गर्ने व्यक्ति/संघ/संस्थाले स्वीकृत पत्र प्राप्त गरेपछि संस्थाले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम जम्मा गर्नु पर्नेछ । लिलाम सकार गर्ने व्यक्ति/संघ/संस्थाले ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति लिन नसकेको खण्डमा सोको भोलि पल्ट निज पछि सबैभन्दा बढी रकम बोल्ने व्यक्ति/संघ/संस्थाको नाममा लिलाम सदर गरिनेछ ।
७. दा.खा.नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु सकार गरी लिने व्यक्ति/संघ/संस्था स्वयंले व्यहोर्नु पर्नेछ ।
८. लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्ति/संघ/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ । रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९ बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस संस्थाको मुख्य कार्यालय खुशिबुँ एकीकरण मार्ग,काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
११. अन्य शर्तहरु बोलपत्र वा लिलाम बढाबढ फाराममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य विषयहरुमा सहकारी ऐन,सहकारी नियमावली,संस्थाको बिनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ ।

लिलाम हुने मिति : २०८१ साल जेष्ठ १७ गते बिहीबार
समय : दिनको ठिक ३:०० बजे लिलाम बढाबढ हुनेछ ।
स्थान : लालिगुराँस सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि., मुख्य कार्यालय खुशिबुँ एकीकरण मार्ग,काठमाण्डौ, नेपाल ।

**लालिगुराँस सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**
**का.म.न.पा.वडा नं.१७, एकीकरण मार्ग,काठमाण्डौको**
**सम्पर्क नं. ४९७०८०३, ४९७०८०४**



# साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : NADIA EID HILLEL SHAMAN RESTAURANT TO SERVE MEALS**

पूर्व स्वीकृति मिति २०८१/०१/१२ | LT. No. 303715 | चलानी नं. ६०२१८५७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : FATIMA MOHAMMED BIN HILAL AL FADL GENERAL CONTRACTING EST**

पूर्व स्वीकृति मिति २०७९/११/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१२ | LT. No. 281825 | चलानी नं. ६०१९७४७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Supervisor | 1 | 0 | 2000 | ७०,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आचारसंहिता पालनामा कडाइ गर

आगामी शनिबार (१५ वैशाख) इलाम–२ मा प्रतिनिधिसभा सदस्य र बझाङ प्रदेशसभा (क) मा प्रदेशसभा सदस्य चयनका लागि उपनिर्वाचन हुँदै छ । निर्वाचनअन्तर्गत मतदान हुन ४८ घण्टा अगाडिदेखि सुरु हुने मौन अवधिको समय बुधबार मध्यरातबाट सुरु भइसकेको छ । निर्वाचन आयोगले लागू गरेको निर्वाचन आचारसंहिताअन्तर्गतको मौन अवधिको प्रभावकारी कार्यान्वयनमा आयोग चनाखो बन्न जरुरी छ । यो अवधिमा कुनै सभा र सम्मेलन तथा घरदैलो गर्न पाइँदैन । यो भनेको शून्य समय हो । तर सामाजिक सञ्जाल प्रयोगकर्तालाई भने आयोगले तगारो हाल्न सकेको छैन ।

सामाजिक सञ्जालमा लाइक, कमेन्ट गर्दामात्र पनि थुप्रै प्रयोगकर्ताहरूमाझ पुग्ने गर्छ । अझ सामाजिक सञ्जालका मेसेञ्जरहरूबाट हुने प्रचारको नियमन गर्ने संयन्त्र आयोगसँग छैन । हुन त आयोग सरकारी पक्षसँग यस्तो नियमन गर्ने विषयमा नतमस्तक हुन्छ । सामाजिक सञ्जालमा घृणा र द्वेषपूर्ण अभिव्यक्ति दिन नपाउने भनिए पनि सबै दलको पक्षबाट यस्ता खालका प्रचारात्मक सामग्री सामाजिक सञ्जालमा सेयर गरेको पाइन्छ । यस्ता सामग्रीहरूमा ‘रियाक्ट’ गर्दा पनि धेरै प्रयोगकर्तामाझ पुग्ने गर्छ । यसको छेकबार गर्ने संयन्त्र हामीसँग छैन ।

राज्यको तलब खाने मन्त्रीहरू निर्वाचन क्षेत्रमा प्रचार गर्न पाइँदैन । तर नयाँ दलकै नेताहरू चुनावी प्रचारमा पुगेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्षसमेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने, शिक्षामन्त्री सुमना श्रेष्ठ इलाम–२ मा प्रचार गर्न पुग्दा आयोगबाट कुनै सचेत गर्ने काम भएन । लोकतन्त्र र सुशासनका बखान गर्ने नयाँ दलबाटै यस्तो भएपछि जुन जोगी आए पनि कानै चिरेका भन्ने उखान फेरि चरितार्थ भएको छ ।

बझाङको क प्रदेशसभा क्षेत्रमा पनि शनिबार उपनिर्वाचन हुँदै छ । काठमाडौंबाट टाढा रहेको यहाँ सञ्चारमाध्यमको कभरेज पनि त्यति छैन । उक्त क्षेत्रमा के–कस्तो शैली अपनाइन्छ यसबारे निर्वाचन अधिकृतहरू नै मौन बस्नुपर्छ । खासमा मौन अवधिमा उम्मेदवारहरू सल्बलाउँछन् प्रचारका लागि । यो बेला बरु निर्वाचन अधिकृतहरू मौन बस्न बाध्य हुन्छन् । यो अवधिमा मतदाता प्रभावित पार्न गाउँठाउँमा भोजभत्तेर हुने गर्छ । मतदाताका महत्त्वपूर्ण मागहरूमाथि बार्गेनिङ यही समयमा हुने गर्छ । दलका कार्यकर्ता केही हदसम्म यस्तो विषयमा चनाखो हुन्छन् । तर आयोगले यस विषयमा प्रश्न उठाउने हिम्मत गर्दैन । समग्रमा हेर्दा निर्वाचन आयोगले काठमाडौं वरपरबाहेक अरू क्षेत्रमा यसबारे अनुगमन गर्न नसकेको पुष्टि हुन्छ । यस्ता विषयमा आयोगले आगामी दिनमा सुधार गर्दै लैजानुपर्छ ।

## मननयोग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- ‘मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- ‘म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु’ भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- ‘मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला’ भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- ‘गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।’

क्रमशः

# तेमाल जात्राको नालीबेली



▶▶ रवीन्द्र तामाङ

“धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्व रहेको तेमाल जात्राको उत्पतिका कथा, सामाजिक परम्परा र नेपाल प्रवेशको मौखिक कथनका साथै प्राचीन बौद्ध तीर्थ नागार्जुन, नमोबुद्ध, स्वयम्भू र बौद्ध स्तूपसँग गाँसिएको भावनात्मक सम्बन्ध, महिमा र तिनको अभ्यास र सम्बन्धले तामाङ जाति काठमाडौं उपत्यकाको मूलबासी नै भएको संकेत गर्दछ । जसबाट नेपालका इतिहासकारहरूले अड्कल काटेका उपत्यकाको प्रथमबासी नाग जाति अरू कोही नभई कतै तामाङहरू त होइनन् ? भन्न सकिन्छ ।”

महायानी सम्प्रदायको ञिङमापा शाखाका बौद्ध धर्मावलम्बी तामाङ जातिको संस्कृति अध्ययन गर्दा हरेक पूर्णिमाको दिन कुनै न कुनै चाडपर्व, जात्रा, उत्सव वा पूजा परेको पाइन्छ । यस्ता थुप्रै चाडपर्व, उत्सव वा पूजामध्ये तामाङ समुदायले परम्परागत रूपमा प्राचीनकालदेखि मनाउँदै आइरहेको एउटा प्रमुख पर्व हो तेमाल जात्रा ।

यो दुईदिने जात्रा हो । चैत्र पूर्णिमाको अघिल्लो दिन बौद्ध स्तूपबाट सुरु हुने तेमाल जात्रा भोलिपल्ट पूर्णिमाको दिन सूर्योदयसँगै स्वयम्भूमा पुनः आरम्भ भएर साँझपख आकाशमा पूर्णचन्द्र देखिएपछि समाप्त हुने प्राचीन परम्परा छ ।

बौद्ध स्तूप, नागार्जुन स्तूप, बालाजुको २२ धारा र स्वयम्भू चैत्यमा एकीकृत रूपमा तीर्थाटन र दीप प्रज्ज्वलित गरेर लाग्ने यस जात्राको नामाकरण ‘तेमाल जात्रा’ भनेर प्रचलनमा आएको छ । यसो हुनुमा काभ्रेपलाञ्चोकको दक्षिणपूर्वी भेग तेमाल भेगका तामाङहरूको यस जात्रामा हुने अत्यधिक सहभागितालाई नै लिन सकिन्छ । यसका साथै जात्राको नाम तेमाल रहनुको अन्य कारण पनि छन् । जसमा अन्य भेगको तुलनामा तेमाल भेगका तामाङहरू अरनिको राजमार्ग बन्नुभन्दा पहिला यस जात्रा मनाउन आउँदा म्हेदाङ अर्थात् सल्लाको खोटो बाल्दै रातभर हिँडेर आउने गर्दथे भनिन्छ ।

यसरी जात्रामा आउने तेमाले पुरुषहरू आफूले वर्षभरि कमाएको धन खर्च गर्दथे रे भने महिलाहरू जात्रामा आउँदा बाटो पर्ने बनेपा र भक्तपुरजस्ता प्राचीन सहरमा आफ्ना सुनका गरगहनामा पाइन हाल्दै आउँथे रे । जसका कारण यस जात्राप्रति तेमाले तामाङहरूको रौस, सद्भाव, लगाव नै देखेर होला, जात्रा हुने बौद्ध र स्वयम्भू क्षेत्रका तामाङ वा गैरतामाङहरूले यस जात्राको नाम तेमालका तामाङहरूको जात्रा रहेछ भनेर भन्दाभन्दै तेमाल जात्रा रहन गएको हो भनिन्छ । वास्तवमा चैत्र पूर्णिमाको दिन लाग्ने यस जात्राको नाम बौद्ध स्तूपमा लाग्दा बौद्ध जात्रा, नागर्जुन स्तूपमा लाग्दा नागर्जुन जात्रा, बालाजु २२ धारामा लाग्दा २२ धारा जात्रा र स्वयम्भू महास्तूपमा लाग्दा स्वयम्भू जात्रा हुनुपर्ने हो । तर तामाङहरूले नै समग्रमा यस जात्रालाई तेमाल जात्रा भनेर सम्बोधन गरेर गर्व गर्ने गर्दछन् ।

### तेमालको इतिहास

काभ्रेपलाञ्चोकको दक्षिण पूर्वी भेगमा पर्दछ, तेमाल । उक्त ठाउँ तामाङहरूको धार्मिक, सांस्कृतिक र ऐतिहासिक थलो हो । धार्मिक दृष्टिकोणले हेर्दा तेमालमा भारतको उडिसाबाट नेपाल हुँदै तिब्बतमा बौद्ध धर्म स्थापना गर्न हिँडेका बखत गुरु पद्मसम्भवले केही समय तिमाल (याङ्वेल) मा बसेर तप गरेका थिए । सोही कारण गुरु पद्ममसम्भवले तेमालमा रहँदा बौद्ध धर्मको ज्ञानका नीधिहरू गुप्त रूपमा राखेका थिए । सोही कारण तेमाल क्षेत्रलाई ‘तेरमाल’ भनिन्थ्यो । वास्तवमा यही ‘तेरमाल’ शब्द नै अपभ्रंश भएर ‘तेमाल’ भएको हो भन्ने तेमाल क्षेत्रका तामाङहरूको भनाइ रहेको छ ।

सांस्कृतिक दृष्टिकोणले हेर्दा तेमाल मौलिक तामाङ संस्कृतिको उद्गमस्थलमात्र नभई तामाङ संस्कृतिको अभ्यास भएको थलो हो । जसका कारण नेपाल, भारतका साथै विश्वका जुनसुकै देशमा रहेका तामाङहरू आफ्नो तामाङ संस्कृति भूले तेमालमा सोध्न जानुपर्दछ भन्ने कहावत नै छ तामाङ समाजमा । ऐतिहासिक दृष्टिकोणले हेर्दा तेमाल भेग तामाङ जातिका अन्तिम राजा रेञ्जिनदोर्जे बलले राज्य सञ्चालन गरेको स्थल पनि हो । तेमाल वि.सं. १८१९ असोज २ गतेका दिन गोर्खा राज्यको बिस्तारको क्रममा गाभिनुपूर्व स्वतन्त्र राज्य रहेको थियो भन्ने इतिहास छ । जहाँ राजा रेञ्जिनदोर्जे बल नामक तामाङ राजाले स्वशासन चलाउँथे भन्ने तेमालका तामाङहरूको भनाइ रहेको छ ।

गोर्खाली सेनाले मकवानपुर राज्य सर गरेपछि पटक-पटक युद्ध गर्दासमेत तेमाल राज्यलाई कब्जामा लिन नसकेपछि गोर्खाका खस/क्षेत्रीय सेनाले राजा रेञ्जिनलाई सुनकोशीको तिरमा मितेरी लगाई सन्धि सम्झौता गर्ने निहुँमा निशस्त्ररूपमा बोलाएर षड्यन्त्रपूर्वक मारेको बताइन्छ । गोर्खाली खस सेनाले षड्यन्त्र गर्न वार्ता गर्ने दिनभन्दा एक दिनअघि नै बगरमा हातहतियार लुकाएर राखेका थिए रे भनिन्छ । लामो वार्ता हुँदा पनि कुराकानी नमिलेपछि खस सेनाले बालुवामा लुकाएको हतियार झिकेर रेञ्जिनदोर्जेको टाउको काटेर वीभत्स रूपमा हत्या गरेर सुनकोशीमा फालिदिएका थिए । आफ्ना पतिको हत्याको खबर सुनेर रेञ्जिनकी जेठी धर्मरानी विह्वल भएर आउँदा पतिको टाउको नदीमा घुमिरहेको देखेर सोही ठाउँमा हाम फालेर आत्महत्या गरेकी थिइन् । जसलाई आज पनि रानीदह भन्ने गरिएको छ ।

माथि उल्लिखित यस मौखिक कथनरूपी घटनालाई नेपालको इतिहास लेखनका ऐतिहासिक सामग्रीहरूसँग भिडाएर हेर्दा गोर्खाका राजा पृथ्वीनारायण शाहका केही चिट्ठीपत्र, हस्तलिखित वंशावली र विद्वानहरूले लेखेका पृथ्वी गाथाहरूमा तेमालसम्बन्धी केही विवरणहरू पाइन्छ । जसमध्ये एउटा सामग्रीमा यस्तो विवरण लेखिएको छः

*‘...तिमाल फत्ये गर्न मन्त्री वर्गसित सल्लाह गरे । सोही सल्लाह भोलिका दिनमा सर्दार दलजित् शाह, काजी वंशराज पाँडे, जीव शाह, रुद्र शाही, जेठा बूढा, रामकृष्ण कुँवर, प्रभृति नजिकी द्वाऱ्या, उमराउ, थरघर, भला मानिससमेतको एक टुकडी फौज निर्माण गरेर बिदा गर्नुभयो । सोही लस्कर लिई भाइभारदारले तिमाल कोट हान्याको र तिमाल कोट हान्दा ३०० गिंड पऱ्या...।’ (भाषा वंशावली)*

यसबाट पनि तेमालमा गोर्खाली सेना र तेमाले सेनाबीचमा ठूलो लडाइँ चलेको प्रस्ट हुन्छ । त्यस्तै अर्को एक पृथ्वीनारायण शाहले आफ्ना सेना नायक सरदार रामकृष्ण कुँवरलाई लेखेको पत्रमा उनका भाइ अमरसिंह कुँवरको मृत्यु भएको उल्लेख छ । जसमा यस्तो व्यहोरा लेखिएको छः

*‘...किरात फत्ते गर्न तिम्रै भर परेको छु । काँलु पाँडे मारिँदा साह्रै दुःखी भएको थिएँ । यतिखेर मलाई तिम्रै बुद्धि र तरबारको भर रहेको छ । धुलिखेलमा जस्तै सिम्बुमा जग्गा दिन्छु । तिम्रो भाइ तिमालमा मारिएकामा म धेरै दुःखी छु ।...आश्विन वदि ५ रोज ४ संवत् १८२० .....’ (पृथ्वीपत्र संग्रह)*

त्यसैगरी एउटा गोर्खाली वीर गाथामा तेमालको विषयमा यस्तो व्यहोरा उल्लेख गरिएको पाइन्छ । *‘...संवत् १८१९ आश्विनवदि... रोज ३ तिमालकोट अब्बल...’ (त्रिरत्न सौन्दर्य गाथा)*

तेमाल राज्यको अध्ययन अनुसन्धानका सिलसिलामा गोर्खाका राजा पृथ्वीनारायणले रामकृष्ण कुँवरलगायतलाई तिमाल कब्जा गर्न थुप्रै चिट्ठीपत्रहरूका साथमा मकवानपुरका अन्तिम राजा दिगबन्धन सेनले दिएका ताम्रपत्र पनि भेटिएका छन् । जसको प्रकाशन र व्याख्या पछि बिस्तारै गरौंला । स्मरण रहोस्, माथि उल्लिखित र हालसम्म यस लेखकले अनुसन्धानको क्रममा प्राप्त ऐतिहासिक सामग्रीहरूमा तेमाल भनेर उल्लेख भएको पाइएको छैन । जतातत‌ै ऐतिहासिक सामग्रीमा तिमाल, कोट तिमाल भनेर उल्लेख गरिएका छन् ।

यस आलेखमा माथि उल्लेख गरिएका पत्रबाट पनि तेमाल-गोर्खा युद्धमा सरदार रामकृष्ण कुँवरसहित उनका दुई भाइ जयकृष्ण कुँवर र अमरसिंह कुँवर पनि संलग्न थिए । युद्धकै क्रममा रामकृष्ण कुँवरका प्रिय भाइ अमरसिंह कुँवर तेमाले तामाङ सेनाबाट वीभत्स रूपमा मारिएका थिए । आफ्ना प्रिय भाइ तेमाल युद्धमा मारिएको, तर लास भने तेमालमा नै रहेको र सद्गद गर्न पलाञ्चोकमा ल्याउन नसकिएकोले रामकृष्ण कुँवर चिन्तामा परेका थिए । जसका कारण तेमालका राजा रेञ्जिनलाई आफ्नो कब्जामा रहेको तेमाल ब्यासीका खेतहरू दिने र जसको बदलामा तेमालेहरूले गोर्खालीहरूलाई अमरसिंह कुँवरको लास बुझाउने सर्तमा सुनकोशी नदीको किनारमा विनाहातहतियार सन्धि सम्झौता गर्न तेमाले राजालाई वि.सं. १८१९ असोज २ गते बोलाइएका थिए ।

यसै क्रममा माथि भनिएझैँ गोर्खाली खस सेनाहरूले एक दिनअघि नै सुनकोशीको बगरमा हातहतियार लुकाएर राखेका थिए भने सोझा, इमान्दार एवं शान्तिप्रिय बौद्ध धर्मावलम्बी तेमालका तामाङ राजा रेञ्जिनदोर्जे आफ्ना तीन भाइ र केही सेनाका टुकडीका साथ विनाहातहतियार सुनकोशीको बगरमा आइपुगेका थिए । जहाँ दुवैपक्षबीच वार्ता भए पनि कुराकानी भने मिल्न नसकेपछि खस सेना रामकृष्ण कुँवरको निर्देशनमा र गोर्खाली सेनाले रेञ्जिनदोर्जे र उनका साथ आएका तामाङ सेनाहरूलाई बालुवामा लुकाएर राखेका हात हतियारमध्ये तरवारले टाउको काटेर हत्या गरी तेमाल राज्यमाथि कब्जा जमाएका थिए ।

### राजा रेञ्जिनको नाममा दीप प्रज्ज्वलन गर्ने परम्परा

यसरी गोर्खाली सेनाको षड्यन्त्रमा मृत्युवरण गरेका तेमालका अन्तिम तामाङ राजा रेञ्जिनदोर्जेको मुक्तिका लागि उनका परिवार र तेमालवासी तामाङहरू वि.सं. १८१९ चैत्र पूर्णिमाको अघिल्लो दिन तेमाल नै रित्तो पारेर बौद्ध स्तूपमा भेला भएर दीप प्रज्ज्वलन गर्न सहभागी भएका थिए । चैत्र पूर्णिमाका दिन नागर्जुन पर्वतको चैत्य र स्वयम्भू महाचैत्यको स्वयं उत्पन्न ज्योतिमा राजा रेञ्जिनदोर्जेको अस्तुद्वारा तयार गरिएको दीप प्रज्ज्वलन र श्रद्धाञ्जली पूजा प्रकट गर्न तीर्थाटन गर्दै आइपुगेका थिए । भनिन्छ, आजभन्दा २६१ वर्षअघिको सोही भीडलाई देखेर बौद्ध र स्वयम्भू क्षेत्रका तामाङ र गैरतामाङहरूले यस जात्रालाई कसको जात्रा भनेर प्रश्न गर्दा तेमालका तामाङ जनताहरूको जात्रा भनेका थिए । तेमालेहरूको जात्रा भन्दाभन्दै अपभ्रंश भएर जात्राको नाम नै तेमाल जात्रा रहन गएको बताइन्छ ।

### ऐतिहासिक सामग्रीमा तेमाल जात्रा

तेमाल जात्राको उत्पत्तिका सम्बन्धमा खोजीनिति गर्दा ठोस प्रमाणहरू पाउन नसकिए पनि बौद्ध धर्मग्रन्थ स्वयम्भू पुराणमा उल्लिखित कथा र तामाङ समाजमा मौखिकरूपमा अवशेषका रूपमा रहेका सामाजिक र ऐतिहासिक किंवदन्तीहरू मात्र पाइएका छन् । किंवदन्तीअनुसार काठमाडौं उपत्यका दहको रूपमा रहेको समयमा बन्धुमतिनगरबाट आएका विपश्वी बुद्धले जामाचो (नागर्जुन) को पर्वतको टुप्पोमा बसी तप गर्दा दहको अवलोकन गरी चैत्र पूर्णिमाको दिन कमलको फूलको वीज (हालको पुरानो गुह्वेश्वरी रहेको ठाउँ) रोपेको स्मरणार्थ यस जात्रा मनाएका कुरा प्रस्ट हुन्छ । पछि सो कमलको वीजबाट फुलेको कमलको फूलमा आश्विन शुक्ल पूर्णिमाको दिन स्वयम्भूको अलौकिक महाज्योति उत्पन्न भएको र कमलका फूलका पातहरूमा पञ्चबुद्ध उत्पन्न भएका कुरा उल्लेख छ ।

जसको दर्शन गर्न काठमाडौं उपत्यकामा विभिन्न कालमा अरुण नगरबाट शिखीबुद्ध, अनपम नगरबाट विश्वभू, क्षेमावतिबाट ऋकुच्छन्द, बनारसबाट कस्यपलगायतका बुद्ध विभिन्न दक्षिण भारतका देशदेशावरबाट र महाचीनको पञ्चशीर्ष पर्वतबाट बोधिसत्व महामुनी मञ्जुश्रीसँग अनेकौं शिष्यका साथ आएको पाइन्छ । सोहीमध्ये केही शिष्यहरू तामाङ जातिका पनि थिए । बोधिसत्व महामुनी मञ्जुश्रीले स्वयम्भू महाज्योतिको अवलोकन गरेपश्चात् नजिकै गएर ज्योतिको दर्शन गर्न सकिन्छ भनेर दहको पानी बाहिर पठाउने जुक्ति खोजे । जुक्ति दहको चारैतिरको पहाडबाट अवलोकन गरेपछि पत्ता लगाए । अनि उनले आफ्नो नेतृत्वमा शिष्यहरूमार्फत गोकर्ण, पशुपति र चौभारको पर्वत खड्गद्वारा काटेर उपत्यकाको पानी बाहिर पठाए । अनि स्वयम्भू महाज्योतिको दर्शन नजिकै गएर कार्त्तिक शुक्ल पूर्णिमाको दिनमा दीप प्रज्ज्वलित गरेका थिए ।

त्यसपछि उनी मञ्जुपत्तन नामक सहर निर्माण गरेर एक शिष्य धर्माकरलाई राजा बनाएर महाचीन फर्केका थिए । यसपछि क्षमावती देशबाट ऋकुच्छन्द बुद्ध, शोभावती देशबाट कनकमुनी बुद्ध र बनारसबाट कश्यप बुद्ध स्वयम्भू महाज्योतिको दर्शन गर्न आएका थिए । बनारसबाट आएका कश्यप बुद्धमार्फत गौड देशका राजा प्रचण्डदेवले स्वयम्भू महाचैत्यको ज्योतिको महिमा सुनेर उनी पनि नेपाल उपत्यका आएर स्वयम्भू ज्योतिको दर्शन गरेका थिए । स्वयम्भू महाचैत्यको ज्योतिलाई कसैले पनि बिटुल्याउन नसकोस् भनेर राजा प्रचण्डदेवले महाचैत्य बनाएर गर्भमा राखेका थिए । यसरी निर्माण भएको स्वयम्भू महाचैत्यको प्राणप्रतिष्ठा चैत्र पूर्णिमाको दिनमा भएको कारण स्वयम्भू महाज्योतिको दर्शन चैत्र पूर्णिमाको दिनमा गर्ने परम्परा नै बसेको हो भन्ने कथन रहेको छ ।

महाचीनबाट बोधिसत्व महामुनी मञ्जुश्रीका साथ नेपालमा प्रवेश गरेका तामाङ जातिले हालसम्म पनि स्वयम्भू स्तूपको निर्माण भएको खुसीयालीमा स्वयम्भूमा पुगेर दीप प्रज्ज्वलन गरेर महाज्योतिको स्मरण गर्ने परम्परालाई निरन्तरता दिएका छन् । त्यसैगरी पछि बनारसका कस्यप बुद्धको मृत्युपश्चात् उनको अस्तु राखेर निर्माण गरिएको बौद्ध स्तूपको निर्माण सम्पन्न भएपछिको सोही स्तूपको प्राण प्रतिष्ठा पूजा (ह्राप्ने पूजा) पनि चैत्र पूर्णिमाकै दिन भएको कारणबाट दुवै स्तूप अनि चैत्यलाई चैत्र पूर्णिमाकै दिन लागेको यस जात्रामा दीप प्रज्ज्वलन गर्ने परम्परा बसेको हुनसक्छ भन्ने मेरो अनुमान रहेको छ ।

यसरी हेर्दा प्राचीनकालमा काठमाडौं दहकै रूपमा रहेको समयबाट तेमाल जात्रा पहिचान आरम्भ भएको देखिन्छ । लिच्छविकालको प्ररम्भमा स्वयम्भू चैत्यको निर्माण र मध्यमा बौद्ध स्तूपको निर्माणपछि यस जात्राको लोकप्रियता व्यापक भएर तिब्बतको राजधानी ल्हासासम्म पुगेको देखिन्छ । मल्लकालमा शासकहरू हिन्दू भएकोले यस जात्राको लोकप्रियता सुसुप्त हुन पुगेको देखिन्छ । सेनकालमा भने तेमाल मकवानपुर राज्यअन्तर्गत रहेकाले यसको लोकप्रियता खुम्चिएको पाइन्छ । शाहकालमा तेमालका तामाङ राजाको गोर्खाली सेनाहरूले वीभत्स रूपमा हत्या भएपछि यस जात्राले जात्राको स्वरूप लिएको देखिन्छ । तत्पश्चात् यस जात्रा नेपालमा मात्र नभई नेपाल बाहिर रहेका तामाङहरूसम्म फैलिएको देखिन्छ ।

### उपसंहार–निष्कर्ष

धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्व रहेको तेमाल जात्राको उत्पत्तिका कथा, सामाजिक परम्परा र नेपाल प्रवेशको मौखिक कथनका साथै प्राचीन बौद्ध तीर्थ नागर्जुन, नमोबुद्ध, स्वयम्भू र बौद्ध स्तूपसँग गाँसिएको भावनात्मक सम्बन्ध, महिमा र तिनको अभ्यास र सम्बन्धले तामाङ जाति काठमाडौं उपत्यकाको मूलबासी नै भएको संकेत गर्दछ । जसबाट नेपालका इतिहासकारहरूले अड्कल काटेका उपत्यकाको प्रथमबासी नाग जाति अरू कोही नभई कतै तामाङहरू त होइनन् ? भन्न सकिन्छ । साथै, काठमाडौं उपत्यका र यसका वरिपरिका पहाडी प्रदेशमा आवाद रहेका आदिवासी बौद्ध धर्मावलम्बी तामाङहरूले काठमाडौं उपत्यकामा विभिन्न कालखण्डमा विकास भएको बौद्ध धर्मको अभ्यास र यहाँका बौद्ध सम्पदासँग हार्दिक सम्बन्ध गाँसिरहेका पाइन्छ । उदाहरणको रूपमा पञ्चबुद्ध, मानवबुद्ध, सिद्धार्थ गौतमबुद्ध, लोकेश्वर, गुरु पद्ममसम्भव र नागर्जुनद्वारा प्रतिपादित महायानअन्तर्गत ञिङ्मापा, लामावाद, बज्रयान शून्ययानका दर्शनको प्रभाव तेमाल जात्रा मनाउँदै आएका तामाङ जातिको सामाजिक जीवनपद्धति र बौद्ध धर्मको परम्परागत अभ्यास गरेका कारण उनीहरूको जीवनमा शान्ति, मैत्री, करुणा र सद्भावरूपी गहनाहरूका गहिरो प्रभाव पारेको प्रस्ट रूपमा देखिन्छ भन्दा फरक पर्दैन ।

*स्रोतः जात्राको अवलोकन, विभिन्न पत्रपत्रिका र पुस्तकमा प्रकाशित लेखहरू ।*

*(लेखक तामाङ संस्कृति र इतिहास लेखनमा संलग्न छन्)*

# डढेलोले म्याग्दीमा ७०० हेक्टर वन सखाप



**गलेश्वर (म्याग्दी)**– डढेलोले गण्डकी प्रदेशका ११ जिल्लामध्ये सबैभन्दा बढी नोक्सानी म्याग्दी जिल्लामा भएको छ । पैतालिस दिनको अवधिमा जिल्लाको करिब ७०० हेक्टर वन क्षेत्र सखाप भएको डिभिजन वन कार्यालयले जनाएको छ ।

फागुन अन्तिम सातादेखि वैशाख दोस्रो सातासम्म म्याग्दीका छ वटै स्थानीय तहका १११ वनमा डढेलो लागेको छ । डढेलोले जिल्लाको ६९३ हेक्टर वन क्षेत्र सखाप भएको छ । गण्डकी प्रदेश वन निर्देशनालयले पनि प्रदेशका ११ जिल्लामध्ये डढेलोका कारण म्याग्दीको वन क्षेत्र बढी नष्ट भएको जनाएको छ ।

डढेलोबाट आफूहरू त्रसित भएको वन क्षेत्र आसपासका स्थानीयले बताएका छन् । डढेलोका कारण वन क्षेत्र कालो देखिएको छ भने पशुपक्षी मरेका मालिका गाउँपालिका-६ का टेकबहादुर पुनले बताए । जिल्लाको बेनी नगरपालिकालगायत मालिका, मंगला, रघुगंगा, धवलागिरि र अन्नपूर्ण गाउँपालिकाका विभिन्न वनमा दिनहुँ आगलागी भइरहेको डिभिजन वन कार्यालयका प्रमुख विष्णु अधिकारीले बताए । कतिपय वनमा आगो निभाइएको छ भने केही वनमा अझै धुवाँको मुस्लो देखिएको उनी बताउँछन् । दैनिक रूपमा आगलागीका घटना हुन थालेपछि स्थानीय र सुरक्षाकर्मीलाई अग्नि नियन्त्रण उपकरण वितरण गरेर आगो निभाउन अनुरोध गरिएको उनले जानकारी दिए ।

### वन्यजन्तु गाउँमा

डढेलोबाट जोगिन जंगली जनावर गाउँ पसेर स्थानीयलाई दुःख दिइरहेका छन् । जिल्लाको मालिका र मंगला गाउँपालिकाका विभिन्न स्थानमा डढेलो लागेपछि वन्यजन्तु वासस्थान र आहाराको खोजीमा गाउँ पसेका पीडित स्थानीयले बताएका छन् ।

'खेतबारीमा लगाएको बाली बँदेल र बाँदरले नष्ट गरे । वन्यजन्तु अब त घरभित्र नै पसेर हैरान पार्न थालेका छन्,' मंगला गाउँपालिका-५ का किसान टीकानाथ कँडेलले भने । बँदेल, दुम्सी र बाँदर घरभित्र नै छिर्न थालेका उनले बताए । मालिका गाउँपालिकाको वडा नं ६ उपल्लो दुखु, वडा नं १ निस्कोट र वडा नं २ रुममा पनि वन्यजन्तुका कारण गाउँले पीडित भएका छन् । मालिका गाउँपालिका वडा नं ६ उपल्लो दुखुकी डिलकुमारी रोका खेतबारीको बालीले नपुगेर बाँदर भकारी तथा भान्सामा पुगेका बताइन् । खेतबारीमा बँदेलले दुःख दिएको उनले गुनासो गरिन् ।

डढेलो नियन्त्रणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिए पनि डढेलोको क्रम नरोकिएको डिभिजन वन कार्यालयका सूचना अधिकारी राजकुमार श्रेष्ठले जानकारी दिए । जिल्लाको ८२ हजार ५४९ हेक्टर क्षेत्रफल वनले ओगटेको छ । जिल्लाका १० वटा स्थानीय तहमा ६१६ सामुदायिक वन, ४८५ कबुलियती वन, छ धार्मिक वन छन् ।

व्यास नगरपालिकास्थित साउनेपानी, बन्दीपुरस्थित पुरानकोट, ऋषिङस्थित जलुके कदमपानी, शुक्लागण्डकीस्थित सिमलचौर, देवघाटस्थित सोलीघोप्टे, साँढेबगर, म्याग्देस्थित मडुवा, व्यासस्थित सुन्दर, ठूलो, म्याग्देस्थित सिद्धबतासन सामुदायिक वनमा डढेलो लागेको थियो । म्याग्देस्थित बांगेसाल, जुरेथुम्की, व्यासस्थित सिद्धबराह, द्रुपता, भण्डारीपाखा, मुरलीभञ्ज्याङ, घिरिङस्थित जनकल्याण, भिमादस्थित शिवशक्ति, ऋषिङस्थित गुम्लेक, ज्वालादेवी र बन्दीपुरस्थित पुरानोकोट सामुदायिक वनमा पनि आगलागी भएको थियो ।

वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम दफा ४९ को खण्ड (घ) अन्तर्गत राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा क्षति भएको बिगो असुल उपर गरी तीन वर्ष कैद वा ६० हजार रूपैयाँसम्म जरिवाना हुने वा दुवै सजाय हुने प्रावधान छ । *रासस*

## धादिङको आयुर्वेद औषधालय १६ शयचामा स्तरोन्नति

**धादिङ (प्रस)**– धादिङको नीलकण्ठ नगरपालिका-३, धादिङबेसीमा सञ्चालित जिल्ला आयुर्वेद औषधालयलाई १६ शयचाको अस्पतालमा स्तरोन्नति गरिएको छ । आयुर्वेद औषधालयलाई आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको रूपमा बिस्तार गरिएको हो ।

चिकित्सालयले अब १६ शयचाको सेवा प्रदान गर्ने आयुर्वेद तथा वैकल्पिक चिकित्सालय धादिङका प्रमुख डा. अमुल्य दाहालले बताए । उनले चिकित्सालयको भवन निर्माण गरी सेवा प्रदान गर्न लागेको जानकारी दिए ।

धादिङ जिल्लामा १० वटा आयुर्वेद संस्था छन् । चिकित्सालयसहित चार वटा आयुर्वेद औषधालय र पाँच वटा सेवा केन्द्र सञ्चालनमा छन् । चिकित्सालयले सेवा आरम्भ गरेपछि बिरामीलाई चौबिसै घण्टा सेवा दिन सकिने छ । सोह्र शयचाको अस्पताल सञ्चालन गर्न मिल्ने आफ्नै भवन नहुँदा सेवा दिन कठिनाइ भइरहेको छ । औषधि न्यून मात्रामा उपलब्ध हुने भएकाले पनि सेवाग्राहीलाई सहजरूपले सेवा दिन नसकेको चिकित्सालय धादिङका प्रमुख दाहालको भनाइ छ ।

चिकित्सालयले वैकल्पिक उपचार विधिअन्तर्गत बहिरंग सेवा, प्याथोलोजी ल्याब, अकुपञ्चर सेवा, पूर्वकर्म र पञ्चकर्म सेवा, फिजिओथेरापीलगायतको निःशुल्क सेवा प्रदान गर्दै आएको छ । मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रममार्फत ३० वर्षभन्दा माथिका व्यक्तिको निःशुल्क स्वास्थ्य परीक्षण गर्दै आएको छ । आमा समूहमा भान्साघर औषधालय कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस कार्यक्रमअन्तर्गत भान्सामा चल्ने खानेकुरा र स्वादिलो बनाउन प्रयोग हुने मसलाको मात्राको विषयमा सिकाउने गरिएको छ ।

## चार भाषामा नागरिक बडापत्र

**लुम्बिनी**– बुटवल उपमहानगरपालिकाले मुख्य चार भाषामा नागरिक बडापत्र सञ्चालनमा ल्याएको छ । कार्यालयमा सेवा लिन आउने विभिन्न भाषाभाषीका सेवाग्राहीको सहजताका लागि उपमहानगरपालिकाले आजदेखि नेपालीसहित, थारु, मगर र नेपाल (नेवारी) भाषामा बडापत्र सञ्चालनमा ल्याएको हो ।

उपमहानगरमा बसोबास गर्नेमध्ये जनसंख्याको अनुपातका आधारमा चार भाषामा तयार गरिएको नागरिक बडापत्र मंगलबार एक कार्यक्रमबीच नगरप्रमुख खेलराज पाण्डेयले सार्वजनिक गरे । त्यस अवसरमा नगरप्रमुख पाण्डेयले जनसंख्याको आधारमा चार भाषामा बडापत्र राखिएको र आगामी दिनमा अरु केही भाषाका बडापत्र राख्ने गरी तयारी भएको जानकारी दिए । उनले स्थानीयस्तरमा थारु, मगर र नेपाल भाषाको बोलीचालीअनुसार स्थानीय विज्ञको संलग्नतामा बडापत्र तयार गरिएकोले भूगोलअनुसार भाषामा फरक आउनसक्ने बताए ।

उपमहानगरकी उपप्रमुख सावित्रादेवी अर्यालले बुटवलले सबै जाति भाषा संस्कृतिलाई संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले चार भाषामा बडापत्र तयार गरिएको बताइन् । राष्ट्रिय जनगणना २०७८ अनुसार बुटवल उपमहानगरपालिकामा नेपाली भाषा बोल्ने ७८.७, मगर भाषा बोल्ने ६.८, नेपाल भाषा बोल्ने तीन र थारू भाषा बोल्ने ४.९ प्रतिशत जनसंख्या छन् । बडापत्रको प्रयोगले सेवाग्राहीले आफूले प्राप्त गर्न खोजेको सेवा बडापत्रका माध्यमबाट त्यसका लागि आवश्यक कागजपत्र, दस्तुर तथा सेवा लिन प्रयोग गर्नुपर्ने सम्पूर्ण जानकारी थाहा पाउन सकिने छ ।

सो कामका लागि जानुपर्ने कोठा तथा त्यस कोठामा रहेका कर्मचारीको विवरणसमेत सोही बडापत्रमा हेर्न सकिने छ । बडापत्रलाई पुस्तकका रूपमा प्रकाशन गरिएको र छिट्टै नै डिजिटलरूपमा सबै बडामा राख्ने गरी तयारी भएको बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले जानकारी दिए । *रासस*

सुदुरपश्चिम प्रदेश सरकार
**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
महेन्द्रनगर, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८११०१११३**

यस कार्यालयद्धारा मिति २०८०११२१०८ गते राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा न्यून मूल्यमा कबोल गर्ने तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र रहेको पाईएकोले सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना प्रकाशन गरिएको छ ।

| सि. न. | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | 01/CW/NCB/2080/081 | construction of stair cattle shade house (truss Building) at Bheemdatt 10, Kanchanpur | Dristi Infrastructure pvt.ltd. Bheemdatt-01, Kanchanpur | 2,174,352.99 |
| 2 | 02/CW/NCB/2080/081 | construction of stair cattle shade house (truss Building) at Dhodhara 10, Kanchanpur | Pasupati & Bhuwaneshwari Nirman Sewa Pvt. Ltd. Bheemdatt-17, Kanchanpur | 1,962,154.06 |
| 3 | 03/CW/NCB/2080/081 | construction of stair cattle shade house (truss Building) at Beldadi 5, Kanchanpur | Shree Krishna Construction. Bheemdatt-19, Kanchanpur | 2,057,134.25 |
| 4 | 04/CW/NCB/2080/081 | construction of stair cattle shade house (truss Building) at Bedkot 4, Kanchanpur | Ranadev Construction Dhangadi-13, Kailali | 2,122,625.38 |
| 5 | 05/CW/NCB/2080/081 | construction of stair cattle shade house (truss Building) at Shuklaphanta-9, Kanchanpur | Ranadev Construction Dhangadi-13, Kailali | 2,085,393.40 |
| 6 | 06/CW/NCB/2080/081 | construction of stair cattle shade house (truss Building) at laljhadi 5, Kanchanpur | Bipin Builders & Suppliers, Dhangadi 3, Kailali | 1,973,753.14 |

**Senior Veterinary Officer**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAWAQIL AL HADITHA EST. FOR TRANSPORTATION
पूर्व स्वीकृति मिति २०८१/०१/१२ | LT No. 303730 | चलानी नं. ६०२१८५५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 2 | 0 | 1800 | ६३,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9801020501/ 9804347122/ 9815360583/ 9810232965/ 9824347702/ 9824387018
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NILA RESTAURANT & CATERING
पूर्व स्वीकृति मिति: २०८०/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१२ | LT. No. 286814 | चलानी नं. ६०२०२२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 1500 | ५४,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANASTASIA BEAUTY LADIES BEAUTY SALON
पूर्व स्वीकृति मिति २०८१/०१/१२ | LT. No. 303685 | चलानी नं. ६०२१८५३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 3 | 200 | ८६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३३९/०७४/०७५
Ujyalo Overseas Pvt. Ltd.
Kathmandu, Nepal Tel : +977-1-4110543
E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INSPECTION CORROSION ENGINEERING SERVICES WLL
पूर्व स्वीकृति मिति २०८०/०४/३० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१२ | LT. No. :291046 | चलानी नं.६०२०६१३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technician | 25 | 0 | 1200 | ४३,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Centre Overseas Pvt. Ltd.
THE CENTER OVERSEAS CONCERN PVT.LTD
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DONE COMPANY FOR DELIVERING CONSUMER ORDERS
पूर्व स्वीकृति मिति २०८१/०१/१२ | LT. No. 303683 | चलानी नं. ६०२१८४९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 17 | 0 | 135 | ५८,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०
SPACE HR SOLUTIONS PVT.LTD
Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 9841415166
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAKE YOUR TIME LADIES BEAUTY SALOON.
पूर्व स्वीकृति मिति २०८०/०९/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१२ | LT No :297904 | चलानी नं. ६०२१३०५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/nail Technician/beau/barber/manicure/p | 0 | 7 | 140 | ७२,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

**विवाह बन्धनमा बाँधिदै मञ्जिता**

अभिनेत्री मञ्जिता केसीले विवाह बन्धनमा बाँधिने भएकी छिन् । उनले आगामी असार २८ गते शुक्रबार प्रकाश केसीसँग विवाह गर्न लागेकी हुन् । प्रकाशसँग उनले हालै इन्गेज्मेन्ट गरेकी हुन् । जसको जानकारी उनले तस्बिर सार्वजनिक गर्दै गराएकी छन् । 'च्याम्पियन' फिल्ममार्फत रजतपटमा डेब्यू गरेकी यी अभिनेत्रीले लोक, आधुनिक, पप, पञ्जेबाजा आदि गरी पाँच सयभन्दा बढी गीतका म्युजिक भिडियोमा अभिनय गरिसकेकी छिन् । उनले केही सर्ट फिल्म, टेलिश्रृंखलामा पनि अभिनय गरेकी छन् ।





# ५१औं दिनमा सकियो 'नमेटिने घाउ' को छायांकन

■ प्रभाव संवाददाता

**काठमाडौं –** फिल्म 'नमेटिने घाउ'को छायांकन सकिएको छ । सुरु गरेको ५१ औं दिनमा फिल्मको छायांकन सकिएको हो । बुधबार भएको एमाले अध्यक्ष केपी शर्मा ओलीले सुटिङसँगै फिल्म सकिएको निर्देशक रमित ढुङ्गानाले बताए । 'फिल्मको सुटिङ एकदमै राम्रोसँग भयो । छिट्टै प्रदर्शनमा ल्याउछु,' रमितले भने ।

'नमेटिने घाउ' ढुङ्गानाको निर्देशनमा डेब्यु फिल्म हो । फिल्ममा ओलीका अलवा माधव नेपाल, ज्ञानेन्द्र शाहीको पनि अभिनय छ । एसिड सर्भाइभर मुस्कान खातुनको जीवन कथामा बनेको फिल्मले सर्वसाधारणमा जनचेतनाको काम गर्ने उद्देश्यले निर्माण भएको हो ।



फिल्मको छायांकन काठमाडौं, पोखरा, वीरगञ्ज, चपुर लगायतका स्थानमा भएको छ । शिवं अधिकारीको लेखन रहेको फिल्ममा आरती आचार्य, उमेस सुनाम, आर्जु, सिजन राउत, इभा गिरी, प्राप्ति पौडेल, विशाल देवकोटा, कमल देवकोटा, अर्जुन दुलाल, रोहित श्रेष्ठ, सन्दिप बाबु लोहनीलगायत कलाकारले समेत अभिनय देख्न सकिन्छ ।

# 'घरज्वाइँ'को पोस्टर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरको फिल्म 'घरज्वाइँ'को दोस्रो चरणको पोस्टर सार्वजनिक गरिएको छ ।

सार्बजनिक पोस्टरले फिल्म ग्रामीण परिवेशमा बनेको बुझ्न सकिन्छ । पोष्टरमा दयाहाङ र मिरुनासहित शिशिर वाङ्देल, बुद्धि तामाङ, पुष्कर गुरुङ, कविता आलेलाई समेत फिचर गरिएको छ । पूर्वी रुकुमको तकसेरा क्षेत्रमा छायांकन भएको 'घरज्वाइँ'मा निर्देशक अनिल मगरकै कथा छ भने पटकथा तथा संवाद लेखन विनोद खतिवडा र सुभाष कोइरालाले गरेका छन् ।

जिएम मुभिज र एबिएम सिनेमा प्रोडक्सनले मिलेर निर्माण गरेको फिल्ममा भोलाराज सापकोटा, खड्कबहादुर पुन (खबपु), राज थापा, शिला आले, अनु थापा, सुनिल मगर, विवेश बुढा मगर, विना थापा मगर, सोनाम लामा लगायतको पनि अभिनय छ । आगामी असार २८ गतेबाट




प्रदर्शनमा आउन लागेको फिल्मको अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार एमएसएम इन्टरटेनमेन्टले खरिद गरिसकेको छ । नेपालमा भने आरआर फिल्म्सले 'घरज्वाइँ'को वितरण गर्नेछ ।

# 'बच्चाहरूले मेरो कुरा सुन्दै सुन्दैनन्'

**मुम्बई–** 'द ग्रेट इन्डियन कपिल शो' को नयाँ प्रोमो जारी भएको छ । यसपटक शोमा आमिर खान पाहुनाको रूपमा देखिनेछन् । आमिर पहिलोपटक कपिल शर्माको शोमा आएका हुन् । कपिलले यसअघि पनि आमिरलाई आफ्नो शोमा ल्याउने सपना भएको बताएका थिए ।



नयाँ एपिसोडको प्रोमोमा कपिलले आमिरलाई स्वागत गरिरहेको देखिएका छन् । कपिलले भन्छन्, 'तपाईं हाम्रो शोमा आउनुहुन्छ भनेर मैले कहिले पनि सोचेको थिइनँ ।' त्यसपछि पीकेको लुक्समा देखिएका सुनील ग्रोभरले जवाफ दिन्छन्, 'होइन-होइन तपाईंले १५ सय रूपैयाँ दिनुभएको भए हामी आउने थियौं ।' आमिरले पनि उनको भनाइमा सहमति जनाउँछन् ।

अर्को क्लिपमा आमिरले आफ्नो कुरा छोराछोरीहरूले नसुन्ने सुनाउँछन् । त्यहाँ आफूले लगाएर आएको लुगाको विषयमा पनि घरमा ठुलो बहस भएको उनको भनाई थियो ।

प्रोमोमा कपिलले आमिरसँग उनको फिल्मको कमाइको विषयमा पनि कुराकानी गर्छन् । जसमा आमिरले आफ्ना पछिल्ला दुई फिल्म राम्रोसँग नचलेको बताउँछन् ।

यता, अर्चना पुरनले सिंहले आमिरलाई 'तिमी अवार्ड शोमा चाहिँ किन जाँदैनौ ? भनेर सोध्छिन् । जवाफमा आमिर भन्छन्, 'समयको सही ठाउँमा सदुपयोग गर्नुपर्छ ।' यो एपिसोड नेटफ्लिक्समा शनिबार प्रशारण हुनेछ । *एजेन्सी*

# 'निर्देशकले अडिसनमा १० जनासँग किस गर्न लगाए'

**क्यार्लिफोनिया–** हलिउडकी चर्चित अभिनेत्री एनी ह्याथवेले आफ्नो बारेमा चकित पार्ने खुलासा गरेकी छिन् ।

एक अन्तर्वार्ताका क्रममा अभिनेत्रीले सन् २००० को दशकमा आफूसँग भएको एउटा घटनालाई सम्झिन्, जब उनलाई केमिस्ट्री टेस्टको नाममा एक दिनमा १० जना पुरुषलाई किस गर्न भनिएको थियो । यो उनको लागि निकै स्तब्ध पार्ने घटना थियो। त्यतिबेला कलाकारसँग सम्बन्ध माग्नु सामान्य मानिन्थ्यो । तर, अडिसनका क्रममा यसो गर्नु भन्दा नराम्रोबाहेक अरु कुनै हुनै नसक्ने उनको विश्वास छ ।

हालै वी म्यागजिनलाई दिएको एक अन्तर्वार्तामा अभिनेत्री एनी ह्याथवेले यो अनौठो अडिसनको उल्लेख गरेकी छिन् । अभिनेत्रीले भनिन्, 'यो सन् २००० को दशकको कुरा हो, जब यो मेरो साथमा भएको थियो । मलाई केमिस्ट्री टेस्टको नाममा एक दिनमा १० जना पुरुषलाई किस गर्न भनियो । मलाई भनियो कि आज १० जना आउँदैछन् र तपाईलाई छनोट गरिएको छ। के तपाईं ती सबै मानिसहरूसँग सम्बन्ध बनाउन तयार हुनुहुन्छ ?'

ओस्कार विजेता अभिनेत्री एनी ह्याथवेले अगाडी भनिन्, 'निर्देशकको यो माग सुनेर म छक्क परें । एक पलको लागी मलाई लाग्यो कि सायद मसँग केहि गलत छ, यसबारे म पटक्कै उत्साहित भइनँ । मलाई साह्रै नराम्रो लागेको थियो ।'अभिनेत्रीले भनिन्, 'मैले केही गर्न सकिनँ त्यसैले उत्साहित भएको नाटक गरें । मलाई चिनेपछि कसैले मलाई दुर्व्यवहार गर्न खोजेको थिएन वा मलाई चोट पुऱ्याएको थिएन तर त्यो समय थियो। यो सबै सामान्य कुरा थियो ।'


एनी ह्याथवे अहिले फिल्म 'द आइडिया अफ यु' को कारण चर्चामा छिन् । यो एक रोमान्टिक कमेडी फिल्म हो, जसमा अभिनेत्रीले धेरै उमेरकी महिलाको भूमिका निभाएकी छिन् । यसमा उनी एकल आमाको भूमिकामा छिन् ।

कथाको बारेमा कुरा गर्दा, फिल्ममा एनी ह्याथवे आफ्नी छोरीको मनपर्ने पप स्टार निकोलस ग्यालिट्जिनको प्रेममा पर्छिन्। वास्तवमा, निकोलस ग्यालिट्जिन भूमिकामा एनी ह्याथवे भन्दा धेरै कान्छी छन् । 'द आइडिया अफ यु' मे २ बाट प्राइम भिडियोमा स्ट्रिम हुँदैछ । *एजेन्सी*



**सूर्य नेपाल काठमाडौं ओपन**

# दोस्रो दिन दिनेश र भुवन शीर्षस्थानमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको सातौं प्रतियोगिता, सूर्य नेपाल काठमाडौं ओपनको दोस्रो दिन दिनेश प्रजापति र भुवन नगरकोटी समग्रमा २-अन्डर १ सय ३४ सहित शीर्षस्थानमा रहेका छन् ।

उनीहरूले ३६ होलको समाप्तीमा रवि खड्कालाई दुई स्ट्रोकले पछि पारे। दिनेशले आज ४-अन्डर ६४ मा खेल सकाए । भुवनले भने २-अन्डर ६६ को स्कोर कार्ड तयार पारे। समग्रमा इभन-पार १ सय ३६ सहित रवि खड्का तेस्रो स्थानमा छन। उनले आज १-अन्डर ६७ को स्कोर दर्ज गरे ।

समग्रमा १-ओभर १ सय ३७ सहित रामे मगर, निरज तामाङ र भुवन कुमार रोक्का संयुक्तरूपमा चौथो स्थानमा छन् । रामेले ४-अन्डर ६४ को उत्कृष्ट स्कोरमा दोस्रो दिनको खेल सकाए । निरज र भुवनले इभन-पार ६८ स्कोर गरे । यसैगरी जयराम श्रेष्ठ र सञ्जय लामा संयुक्तरूपमा सातौं स्थानमा छन् । उनीहरूले समग्रमा २-ओभर १ सय ३८ को स्कोर बनाएका छन् । दुवैले इभन-पार ६८ मा खेल सकाए ।

प्रो कार्ड लिएपछि पहिलो पटक घरेलु टुर खेलिरहेका सुबाश तामाङले १-अन्डर ६७ सहित समग्रमा ३-ओभर १ सय ३९ को स्कोर गरे । उनी नवौं स्थानमा रहेका छन। समग्रमा ४-ओभर १ सय ४० सहित संयुक्तरूपमा दशौं स्थान बाँडे । दुवैले २-ओभर ७० मा खेल सकाए ।

३६ होलको समाप्तीमा १७-ओभर १ सय ५३ सम्म स्कोर गर्ने २२ प्रोफेसनल र ४ एमेच्योर गरी २६ गल्फरले कट बनाएका छन। प्रोतर्फ तोरण विक्रम शाही, टंक बहादुर कार्की, प्रदीप कुमार लामा, कृष्णमान राजबाहक, टासी घले, भिमसेन चौलागाई, वसन्त राज गुरुङ, रामकृष्ण श्रेष्ठ, पशुपति शर्मा, भु बहादुर गुरुङ र किसन कालीराज सुनारले अन्तिम ३६ होलको लागि स्थान बनाए ।

एमेच्योरतर्फ टासी छिरिङ समग्रमा २-ओभर १ सय ३८ सहित सदभाव आचार्यलाई एक स्ट्रोकले पछि पार्दै शीर्षस्थानमा रहेका छन् । उनले २-अन्डर ६६ को स्कोर निकाले। दाबेदार युवा गल्फर सद्भाव आचार्यले समग्रमा ३-ओभर १ सय ३९ स्कोर खडा गरे। आज उनले १-अन्डर ६७ को कार्ड बनाए । राहुल विश्वकर्मा समग्रमा १०-ओभर १ सय ४६ सहित तेस्रो स्थानमा छन् । उनले खेल इभन-पार ६८ मा सकाए । यी तीन एमेच्योरसँगै भरत थापा मगरले पनि कट बनाए ।

४-अन्डर ६४ को उत्कृष्ट कार्ड बनाउँदै दिनेश पाँचौं स्थानबाट संयुक्तरूपमा शीर्षस्थानमा उक्लिएका हुन। उनले सुरूवात सानदार गरे। पहिलो, चौथो, छैटौं र सातौं होलमा बर्डी प्रहार गर्दा पाँचौं होलमा एक सट खेर फाले। उनले फ्रन्ट नाइन ३-अन्डर ३१ मा सकाए। यसपछि १५औं होलको बोगीको विरूद्ध १०औं र १४औं होलमा बर्डी प्रहार गर्दै ब्याक नाइनमा १-अन्डर ३३ खेले ।

पहिलो दिनका लिडर भुवनले फ्रन्ट नाइन इभन-पार ३४ मा सकाए । पहिलो र छैटौं होलमा बर्डी प्रहार गरे पनि चौथो होलमा डबल बोगी खेपे । यसपछि उनले ब्याक नाइनमा चार वटा बर्डीको सफलता प्राप्त गरे। १०औं, १३औं, १५औं र १६औं होलमा एक-एक सट बचाए। १४औं र १८औं होलको बोगीले ब्याक नाइन २-अन्डर ३२ मा सकाउन बाध्य भए ।

रविले फ्रन्ट नाइनमा लोभलाग्दो प्रदर्शन गरे। पहिलो र चौथो होलमा इगल प्रहार गर्दै चार सट बचाए। तेस्रो होलमा एक सट खेर फाले भने सातौं होलको बर्डीले फ्रन्ट नाइन ४-अन्डर ३० मा सकाए । तर ब्याक नाइनमा उनले लय गुमाए । १४औं देखि १६औं होलमा लगातार तीन बोगी खेपे र ब्याक नाइन ३-ओभर ३७ मा पुरा गरे ।

चार दिने प्रतियोगितामा कुल पुरस्कार राशी ७ लाख ३ हजार ५ सय रहेको छ। विजेताले १ लाख २० हजार तथा दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश ८२ हजार र ६६ हजार प्राप्त गर्नेछन् । यसैगरी चौथो हुनेले ५५ हजार र पाँचौ हुने खेलाडीले ४३ हजार नगद हात पार्नेछन। टप २१ मा पर्ने प्रोफेसनल खेलाडीहरूले नगद पुरस्कार प्राप्त गर्नेछन् ।

# काठमाडौं आइपुग्यो वेस्ट इन्डिज 'ए' टिम

■ प्रभाव संवाददाता

**काठमाडौं–** वेस्ट इन्डिज ए टिम काठमाडौं आइपुगेको छ । बुधबार बिहान रोस्टन चेजको कप्तानीमा १५ सदस्यीय वेस्ट इन्डिज ए टिम काठमाडौं आइपुगेको हो । दुई पटक एकदिवसीय र टी-२० विश्वकप विजेता वेस्ट इन्डिजको कुनै पनि टिम नेपाल टूरमा आएको यो पहिलो पटक हो ।



नेपाल टुरमा आउने वेस्ट इन्डिज ए टिम- रोस्टन चेस (कप्तान), एलिक एथानाजे (उपकप्तान), फेबियन एलन, कादिम एलीने, जोशुआ बिशप, केसी कार्टी, जोनसन चार्ल्स, मार्क देयल, आन्द्रे फ्लेचर, म्याथ्यू फोर्ड, ओबेद म्याककोय, गुडाकेश मोटी, किमो पल, ओशाने थोमस र हेडेन वाल्श । प्रशिक्षण टिमः मुख्य प्रशिक्षक- फ्लोयड रेफर, सहायक कोच- रेयन ग्रिफिथ, फिजियोथेरापिस्ट- नील ब्यारी, स्ट्रेन्थ एण्ड कन्डिसन कोच- शेन कूपर, प्रबन्धक र विश्लेषकः अवनेश सीताराम ।

सार्बजनिक खेल तालिका अनुसार नेपाल र वेस्ट इण्डिज ए बीच पहिलो खेल अप्रिल २७ मा हुने छ भने दोस्रो खेल अप्रिल २८ मा, तेस्रो मे १ मा चौथो मे २ मा र पाचौं ४ मे मा हुने छ । टियु मैदानमा हुने यो सिरिजका सबै खेल अपराहन्न १ बजेदेखि शुरु हुने छन् ।

# प्रदेश भलिबलको उपाधि नवलपुरलाई

**गोरखा (प्रस)–** गण्डकीस्तरीय प्रदेश पुरुष तथा महिला भलिबल प्रतियोगिताको पुरुषतर्फको उपाधि नवलपुरले जितेको छ । गोरखाको बारपाक सुलिकोट गाउँपालिका बुधबार सम्पन्न फाइनल खेलमा स्याङ्जालाई ३-२ सेटले पराजित गर्दै नवलपुर उपाधि जित्न सफल भएको हो ।

प्रतिस्पर्धात्मक खेलको पहिलो सेट स्याङ्जाले २५-२१ ले जितेको थियो । दोस्रो सेट पनि स्याङ्जाले २५-१७ ले जित्न सफल भयो । तर, त्यसपछिका सबै सेट नवलपुरले जित्यो । तेस्रो सेट २५-१६ ले आफ्नो बनाएको नवलपुरले चौथो सेट २५-२१ ले आफ्नो बनायो । अन्तिम तथा निर्णायक सेट १५-११ ले आफ्नो बनाउँदै नवलपुर उपाधि जित्न सफल भयो ।

पहिलो सेमिफाइनलमा नवलपुरले तनहुँलाई ३-० को सोझो सेटमा पराजित गर्दै फाइनलमा स्थान पक्का गरेको थियो । यस्तै, दोस्रो सेमिफाइनलमा म्याग्दीलाई ३-१ को सेटले हराउँदै स्याङ्जाले नवलपुरसँगको उपाधि भिडन्त पक्का गरेको थियो ।

यस्तै, तनहुँलाई ३-२ को सेटमा पराजित गर्दै म्याग्दी तेस्रो भयो । पहिलो सेट २५-२१ ले जितेको म्याग्दीले त्यसपछिका दुई सेट १९-२५ र १९-२५ ले गुमाउन पुगेको थियो । तर, त्यसपछिका दुई सेट २५-२३ र १५-१० ले जित्दै म्याग्दी तेस्रो हुन सफल भयो ।

उपाधिसँगै नवलपुरले एक लाख रूपैयाँ प्राप्त गऱ्यो । उपविजेता स्याङ्जाले भने ७५ हजारमा चित्त बुझायो । तेस्रो भएको म्याग्दीले भने ५० हजार रूपैयाँ प्राप्त गऱ्यो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी नवलपुरका हिमाल सुनारी भए । यस्तै, सर्वोत्कृष्ट स्पाइकर स्याङ्जाका सञ्जुविक्रम शाह भए । सर्वोत्कृष्ट सेटर नवलपुरका दानबहादुर गाहा, सर्वोत्कृष्ट सर्भर म्याग्दीका देवेन्द्र बूढा, सर्वोत्कृष्ट बल्कर नवलपुरका सरोज वर्देवा, सर्वोत्कृष्ट डिफेन्डर स्याङ्जाका राजन दर्लामी र उत्कृष्ट प्रशिक्षक नवलपुरका रामनारायण महतो भए । उनीहरूले समान ५ हजार प्राप्त गरे ।

# राष्ट्रसंघले सुरु गर्‍यो 'जलवायु प्रतिज्ञा २०२५' को पहल



**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघले मंगलबार क्लाइमेट प्रोमिस २०२५ (जलवायु प्रतिज्ञा २०२५) पहल सुरु गरेको छ । यो पेरिस सम्झौतामा निर्धारित तापक्रमलाई १.५ डिग्री सेल्सियसभन्दा बढी बढ्नबाट रोक्नका लागि संयुक्त विश्वव्यापी प्रयास हो ।

राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस र संयुक्त राष्ट्र विकास कार्यक्रमको नेतृत्वमा पहलले सामाजिक सञ्चारमाध्यमका प्रभावशाली व्यक्तिहरू, आदिवासी नेता तथा प्रमुख निगमहरूसहितको सहभागीहरूको एउटा विविध समूहलाई संगठित गर्दछ । यस फराकिलो पहलले महासचिव गुटेरेसको 'यो सबै विनास निराशा होइन' भन्ने महत्त्वपूर्ण सन्देशलाई जोड दिन्छ ।

'धेरै मुलुकमा जलवायु कार्यमा थप महत्त्वाकांक्षी कदम चाल्ने इच्छा छ तर त्यहाँ कुनै उपाय छ भनेर विश्वलाई परिचालन गर्न आवश्यक छ,' सन् २०२५ सम्म १.५ भन्दा तलको प्रक्षेपण कार्यक्रममा गुटेरेसले भने ।

गुटेरेसले हालैको चरम मौसमी घटना र वैज्ञानिक प्रतिवेदनहरूलाई उद्धृत गर्दै चेतावनी दिए, 'हामीले जे देखिरहेका छौं त्यो विपत्तिको पूर्वावलोकन मात्र हो, हामीले विश्वव्यापी तापक्रममा दीर्घकालीन वृद्धिलाई १.५ डिग्री सेल्सियससम्म सीमित नगरेसम्म यसले प्रतीक्षा गरिरहने छ ।'

महासचिव गुटेरेसले भने, '१.५ डिग्री सेल्सियसको सीमा अहिले पनि सम्भव छ तर लामो समयसम्म होइन ।' उनले सबै मुलुकलाई विशेषगरी जी-२० सँग आफ्ना प्रयासहरूलाई तीव्रता दिन आग्रह गरे । 'हामीलाई वित्त प्रवाह गर्न र जलवायु महत्त्वाकांक्षामा वृद्धिलाई सक्षम बनाउन यो वर्ष ठोस कदम चाल्न आवश्यक छ,' उनले भने, 'संयुक्त राष्ट्रसंघ तपाईंलाई समर्थन गर्नका लागि एकजुट भइरहेको छ, कृपया अवसरको लाभ लिनुहोस्, आउनुहोस् मिलेर जलवायु कार्य योजनाहरूको आगामी चरण सार्थक बनाऔं ।' *रासस/सिन्ह्वा*

# अस्ट्रेलियाको मूल्यवृद्धि ३.६ प्रतिशतमा झर्‍यो

**क्यानबेरा–** अस्ट्रेलियाको वार्षिक मुद्रास्फीति (मूल्यवृद्धि) दर ३.६ प्रतिशतमा झरेको अस्ट्रेलियन ब्युरो अफ स्टचाटिस्टिक्स (एबिएस) ले बुधबार सार्वजनिक गरेको आधिकारिक तथ्यांकले जनाएको छ ।

तथ्यांकमा सन् २०२४ को पहिलो तीन महिनामा उपभोक्ता मूल्य सूचकांक (सिपिआई) एक प्रतिशतले र मार्चमा समाप्त हुने १२ महिनाको अवधिमा ३.६ प्रतिशतले बढेको तथ्यांकले देखाएको छ । यसले सन् २०२३ को अन्त्यसम्म १२ महिनाको अवधिमा सिपिआईमा ४.१ प्रतिशतको वृद्धिबाट घटेको संकेत गर्दछ ।

एबिएसले सन् २०२३ को पहिलो त्रैमासिकमा शिक्षा, स्वास्थ्य, आवास, खानालगायतको बढ्दो लागतलाई मुद्रास्फीतिको सबैभन्दा महत्त्वपूर्ण चालकका रूपमा पहिचान गरेको छ । मार्चको अन्त्यमा आवासको मूल्य २०२४ को प्रारम्भको तुलनामा ०.७ प्रतिशत र १२ महिनाअघिको तुलनामा ४.९ प्रतिशतले बढी थियो । एबिएसका मूल्य तथ्यांक प्रमुख मिचेल मार्कवार्टले आवासमा त्रैमासिक वृद्धि मुख्यतया भाडाद्वारा सञ्चालित भएको बताए । 'राजधानीका सहरहरूमा कम रिक्ति दरहरूको आधारमा त्रैमासिकमा भाडाको मूल्य २.१ प्रतिशतले बढेको छ । हरेक १५ वर्षमा सबैभन्दा तीव्र दरमा भाडा बढ्दै गएको छ,' उनले भने ।

तीन महिनाको अवधिमा शिक्षा खर्च ५.९ प्रतिशत र स्वास्थ्य खर्च २.८ प्रतिशतले बढेको छ । यसै अवधिमा मासु र समुद्री खानाको मूल्य ०.७ प्रतिशतले घटेको छ । यद्यपि गैरमादकपदार्थ, फलफूल तथा तरकारीको मूल्य भने बढेको छ । *रासस/सिन्ह्वा*

# टिकटकमाथि प्रतिबन्ध लगाउने विधेयक अमेरिकी कंग्रेसबाट पारित

**वासिङ्टन–** लोकप्रिय सामाजिक सञ्जाल एप टिकटकलाई यसको चिनियाँ मूल कम्पनी बाइटडान्सबाट अलग गर्न वा अमेरिकी बजारबाट बन्द गर्नुपर्ने कानुनलाई अमेरिकी सिनेटले मंगलबार अनुमोदन गरेको छ । यो कदम ९५ अर्ब डलरको विदेशी सहायता प्याकेजको हिस्सा थियो । उक्त प्याकेजमा युक्रेन, इजरायल र ताइवानलाई सैन्य सहायता पनि समावेश थियो । यसलाई अहिले कंग्रेसले अनुमोदन गरेको छ र प्रमाणीकरणका लागि राष्ट्रपति जो बाइडेनको डेस्कमा पुगेको छ ।

अमेरिका र अन्य पश्चिमी अधिकारीहरूले युवामाझ टिकटकको लोकप्रियताप्रति चिन्ता व्यक्त गर्दै यसले बेइजिङलाई डेटा संकलन गर्न र प्रयोगकर्ताहरूमाथि जासुसी गर्ने अनुमति दिने आरोप लगाएका छन् । अमेरिकामा मात्र यसको प्रयोगकर्ताको संख्या १७ करोड रहेको छ ।

आलोचकहरूले टिकटक बेइजिङको अधीनमा रहेको र गलत प्रचार फैलाउने माध्यम भएको बताएका छन् । चीन र कम्पनीले ती दाबीहरूको कडारूपमा खण्डन गरेका छन् ।

कुनै पनि कम्पनीलाई अमेरिकी बजारमा सञ्चालन गर्नबाट रोक लगाउन दुर्लभ कदम चाल्न सक्ने उक्त विधेयक प्रतिनिधिसभाले बलियो द्विदलीय (डेमोक्रेट र रिपब्लिकन) समर्थनका साथ पारित गरेको तीन दिनपछि सिनेटले १८ का विरुद्ध ७९ मतले पारित गरेको थियो ।

राष्ट्रपति बाइडेनले कानुनमा हस्ताक्षर गर्ने बताएका छन् । उनले यसै महिनाको प्रारम्भमा चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको दुर्लभ टेलिफोन वार्तामा टिकटकका बारेमा आफ्नो चिन्तालाई दोहोर्‍याएका थिए ।

शनिबार सदनमा मतदान भएपछि टिकटकले गुनासो गर्दै कानुन निर्माताहरूले १७ करोड अमेरिकीको स्वतन्त्र अभिव्यक्तिलाई कुल्चिने, ७० लाख व्यवसायलाई ध्वस्त पार्ने र अमेरिकी अर्थतन्त्रमा वार्षिक २४ अर्ब डलरको योगदान गर्ने प्लेटफर्म बन्द गर्ने प्रतिबन्धित विधेयकलाई अवरोध पार्ने कोसिस गर्नु 'दुर्भाग्यपूर्ण' हो भनेको छ ।

विधेयकअन्तर्गत बाइटडान्सले एक वर्षभित्र एप बिक्री गर्नु पर्ने छ वा अमेरिकामा एप्पल र गुगलको एप स्टोर हरूबाट बाहिरिनुपर्ने छ । *रासस/एएफपी*

# चीनद्वारा 'सेनझोउ-१८' चालक दल अन्तरिक्ष मिसन कार्यको खुलासा

**जिउक्वान (चीन)–** सेनझोउ-१८ का अन्तरिक्ष यात्रीले चीनको अन्तरिक्ष स्टेसनमा आफ्नो छ महिनाको बसाइमा विभिन्न अन्तरिक्ष विज्ञान र अनुप्रयोग परीक्षण तथा प्रयोगका साथै धेरै अन्तरिक्ष पदयात्रा गर्ने चीन मानव अन्तरिक्ष एजेन्सी (सिएमएसए) ले बुधबार पत्रकार सम्मेलनमार्फत घोषणा गरेको छ ।

सेनझोउ-१८ चालक दलसहितको अन्तरिक्ष यान चीनको जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रबाट प्रक्षेपण गर्ने तालिका छ । चालक दलले सूक्ष्म गुरुत्वाकर्षण, अन्तरिक्ष सामग्री विज्ञान, अन्तरिक्ष जीवन विज्ञान, अन्तरिक्ष चिकित्सा तथा अन्तरिक्ष प्रविधिमा आधारित आधार भूत भौतिक विज्ञानका क्षेत्रमा ९० भन्दा बढी प्रयोग गर्नका लागि वैज्ञानिक प्रयोग क्याबिनेट र 'एक्स्ट्राभेहिकुलर पेलोड' को प्रयोग गर्ने सिएमएसएका उपनिर्देशक लिन सिकियाङले जानकारी दिए ।

एक्स्ट्राभेहिकुलर पेलोड वातावरणीय सुरक्षा, गतिशीलता, जीवन प्रदान गर्ने एक स्वतन्त्र एन्थ्रोपोमोर्फिक स्पेस सुट हो । मिसन अवधिमा देशको पहिलो इन-अर्बिट जलीय पर्यावरण अनुसन्धान परियोजना कार्यान्वयन गरिने छ । 'जेब्राफिस' र 'गोल्डफिस' अल्गीको प्रयोग गरेर कक्षामा 'सेल्फ-साइक्लिङ एक्वाटिक इकोसिस्टम' स्थापना गर्न परियोजनाले अन्तरिक्षमा कशेरुकाको खेतीमा सफलता हासिल गर्ने लक्ष्य राखेको उपनिर्देशक लिनले बताए । उनले बिरुवाको स्टेम टिप्समा संसारको पहिलो इन-अर्बिट स्टेम सेल अध्ययन गुरुत्वाकर्षणमा बिरुवाको विकासवादी अनुकूलनको संयन्त्र प्रकट गर्न र अन्तरिक्ष बालीका लागि सैद्धान्तिक समर्थन प्रदानका लागि गरिने बताए ।

सेनझोउ-१८ अन्तरिक्ष यात्रीले दुईदेखि तीनवटा एक्स्ट्राभेहिकुलर (इभिए) गतिविधि सञ्चालन गर्ने र स्टेसनको कार्गो एयरलक मोडचुलमार्फत छ वटा कार्गो आउटबाउन्ड डेलिभरी कार्यान्वयन गर्ने छन् । एयरलक एउटा स्टेसन मोडचुल हो जसले अन्तरिक्ष स्टेसनमा प्रवेश गर्ने र बाहिर निस्कने स्थानको रूपमा कार्य गर्दछ ।

तीनवटा बाहच गतिविधि सञ्चालन गर्ने समयमा अन्तरिक्ष यात्रीले बाहिरी पाइपिङ, केवल र महत्त्वपूर्ण उपकरणका लागि अन्तरिक्षमा रहेका फोहोर सुरक्षा सुदृढीकरण स्थापना गर्ने र अन्तरिक्ष स्टेसनको सुरक्षालाई थप सुरक्षित गर्नका लागि उपयुक्तरूपमा बाहच निरीक्षण पूरा गर्ने लिनले जानकारी दिए । *रासस/सिन्ह्वा*

# लागुऔषधविरूद्धको युद्धमा अन्तर्राष्ट्रिय सहयोगको खोजीमा अफगानिस्तान



**काबुल–** अफगानिस्तानको कार्यवाहक सरकारले अफगानिस्तानको उत्पादन र लागुऔषधमा यसको प्रशोधनलाई विश्वव्यापी समस्याको रूपमा वर्णन गर्दै मुलुकलाई लागुऔषधको खतराविरुद्ध लड्न मद्दत गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेको छ ।

आन्तरिक मामिला मन्त्रालयको काउन्टर-नार्कोटिक्स कार्यालयका प्रमुख मौलवी हसिबुल्लाह अहमदीले विश्वव्यापी समस्याका रूपमा लागुऔषधविरुद्धको लडाइँमा अन्तर ार्ष्ट्रिय समुदायको सहयोग आवश्यक रहेको बताए । राजधानी काबुलको बाहिरी इलाकामा मंगलबार ठूलो मात्रामा अवैध लागुऔषध र लागुऔषध उत्पादनमा प्रयोग हुने वस्तुहरू जलाउने कार्यक्रममा अधिकारीले अन्तरिम सरकार देशमा लागुऔषधको खतराविरुद्ध लड्न कटिबद्ध रहेको बताए ।

अफिम खेती, लागुऔषधको प्रशोधन र ओसार पसार विरुद्ध प्रशासनको दृढ संकल्प देखाउन ६३५ केजी हेरोइनसहित २० टनभन्दा बढी अवैध लागुऔषध सार्वजनिकरूपमा जलाइएको छ । कुनै समय अफगानिस्तानमा लागुऔषध खेती ९५ प्रतिशतले घटेको संयुक्त राष्ट्रसंघको लागुऔषध तथा अपराध कार्यालय (युएनओडिसी) ले एक प्रतिवेदनमा पुष्टि गरेपछि युद्धग्रस्त अफगानिस्तान क्रमशः लागुऔषधबाट मुक्त हुँदै गएको छ ।

कार्यक्रममा काउन्टर नोर्कोटिक्स प्रहरी मुफ्ती अहमदउल्लाह अहमदीले भने, 'लागुऔषध नियन्त्रण प्रहरीले २२ हजारभन्दा बढी कारबाही गरेको र लागुऔषध कारोबारमा संलग्न रहेको आरोपमा नौ हजारभन्दा बढीलाई पक्राउ गरेको छ । प्रहरीले कारबाहीका क्रममा ९०० भन्दा बढी लागुऔषध प्रयोगशाला र १३ हजार हेक्टरमा रहेको अफिम खेती नष्ट गरेको छ ।' *रासस/सिन्ह्वा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YUM YUM PIZZA REATAURANT TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति २०८१/०१/१२ LT. No. 303704 चलानी नं. ६०२१८५६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1400 | ४९,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

Govt. License 1342/074/75

## ब्रुनाईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BUILD MIX TRADING

पूर्व स्वीकृति मिति २०७९/०८/२९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१२ LT. No.277820 चलानी नं. ६०१९३३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BND | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labourer | 196 | 0 | 468 | ४५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १००१/०६८/६९

MOBHIRA H.R. SERVICE PVT. LTD.

Gaushala, Bijayachowk, Kathmandu BAGMATI

Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYU EDISI SDN BHD

पुर्व स्वीकृति मिति २०८१/०१/१२ LT. No. : 303773 चलानी नं.६०२१८५६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 8 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

APPOLO OVERSEAS SERVICES (P) LTD.

G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM

Tel : +977-1-4363648, 4364403

Email: appolooverseas111@gmail.com

Govt. License 586/062/063

www.appolooverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAZAQ CREPE ESTABLISHMENT FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति: २०८१/०१/१२ LT No. 303749 चलानी नं. ६०२१८५६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd

Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,

Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

Govt. License 1553/079/80

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NADER MOHYA MARZOUQ AL-RASHIDI TRANSPORT EST.

पुर्व स्वीकृति मिति २०८१/०१/१२ LT. No. 303752 चलानी नं.६०२१८५५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले १०,०००

कम्पनी : ALAWIYA ALI HASHEM AL-AWAMI GENERAL CONTRACTING EST

पुर्व स्वीकृति मिति २०८१/०१/१२ LT. No. 303237 चलानी नं.६०२१८५३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 1 | 0 | 1200 | ४२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २० गते (2nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARANIKO OVERSEAS PVT. LTD.

Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.

Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

श्रम इजाजत नं. 267/058/059

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १३६००० | प्रति तोला – १३५३५० | प्रति तोला – १६७० |




**नेपाल र कतारबीच सम्झौता**

कतारका अमिर शेख तमिम बिन हमाद अल थानी र प्रधानमन्त्री पुष्पकमल दाहालको उपस्थितिमा बुधबार नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र कतार चेम्बर अफ कमर्शका अध्यक्ष खालिफा बिन जसिम बिन मोहमद अल थानी द्विपक्षीय सम्झौता र समझदारीपत्र आदानप्रदान गर्दै ।

*तस्बिरः प्रदीपराज वन्त/रासस*

# चिया निर्यातमा भारतीय अवरोध हट्यो

■ प्रभाव संवाददाता

**झापा–** भारतीय भन्सारले पाँच दिनअघिदेखि रोकेको नेपाली तयारी चियाको निर्यात खुला गरेको छ । यही वैशाख ७ गते काँकडभिट्टा नाकाबाट चिया बोकेर गएका १७ ट्रक भारतीय सीमाभित्र सडकमै रोकिएका थिए ।

चिया बोकेका ती सबै ट्रक पश्चिम बंगालको पानीट्यांकीस्थित भारतीयस्थल भन्सार कार्यालयबाट जाँचपास भएर मंगलबार बेलुका सकुशल छुटेको मेची भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मीले बताए ।

'रोकिएका सबै ट्रक आज छाडिए', उनले भने, 'अब भारतीय भन्सारबाट चिया निर्यातमा कुनै



अवरोध रहेन ।' पानीट्याङ्कीस्थित भारतीयस्थल भन्सार कार्यालयका अधिकारीहरूले केन्द्रबाटै आएको निर्देशनअनुसार रोकिएको जनाउँदै अहिले केन्द्रबाटै खुलाउन अर्को निर्देशन आएको बताएका छन् ।

पूर्वीनाका काँकडभिट्टाबाट जाँचपासपछि चिया बोकेर भारतीय सीमावर्ती पानीटङ्की नाका पुगेका १७ वटा नेपाली ट्रक रोक्दा भारतले पटके गुणस्तर परीक्षणको नयाँ प्रावधान लागू भएको जनाएको थियो । गाडी नै पिच्छे गुणस्तर जाँच गर्ने व्यवस्था अव्यवहारिक भन्दै नेपाली पक्षले पुरानै प्रावधानअनुरूप चियाको निर्यात गर्न दिन माग गर्दै आएको थियो । नेपाली पक्षले चिया निर्यातमा भारतीय अवरोध भएको विषयमा आपत्ति जनाउँदै भारतीय पक्षलाई पुरानै नियमअनुसार व्यापार सहजीकरण गर्न दबाब सिर्जना गरेको गरेको थियो । अन्ततः भारतीय पक्ष पहिलेकै गुणस्तर जाँचको नियमानुसार चियाको निर्यात खुलाउन सहमत भयो ।

चियाको एउटा नमूनाको गुणस्तर जाँचपास गराएको रिपोर्टले १५ दिनसम्म निर्यात गर्दा मान्यता पाउने पुरानो प्रचलन थियो । भारतीय भन्सारले पुरानै जाँच नियमानुसार नेपाली ट्रकहरूलाई आज छाडिदिएको हो । सिटीसी र अर्थोडक्स चिया भारत निर्यात हुँदै आएको छ । नेपाली चियाको ९० प्रतिशत निर्यात भारतमै हुने गरेको छ ।

# वित्तीय संस्थाका प्रतिनिधि र अर्थमन्त्रीबीच भेट

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका बैंक तथा वित्तीय संस्थामार्फत निजी क्षेत्रसँगका सहकार्यमा नेपालको विभिन्न क्षेत्रमा लगानी गर्दै आएका वित्तीय विकास संस्था (डेभलपमेन्ट फाइनान्स इन्सिच्युसन) को प्रतिनिधिमण्डलले अर्थमन्त्री वर्षमान पुनसँग शिष्टाचार भेट गरेको छ ।

नेपालका लागि स्वीट्जरल्याण्डकी राजदूत डा डेनियल मेउलको संयोजनमा विभिन्न १४ वटा अन्तर्राष्ट्रिय वित्तीय संस्थाका प्रतिनिधि सम्मिलित टोलीले अर्थमन्त्री पुनसँग अर्थ मन्त्रालयमा भेट गरेको उहाँको सचिवालयले जनाएको छ ।

नेपालका वाणिज्य बैंकहरूसँग मात्र सहकार्य गर्दै आएका अन्तर्राष्ट्रिय विकास संस्थाले आगामी दिनमा विकास बैंक र वित्त कम्पनीमार्फत पनि लगानी गर्न चाहेको बताएका छन् । त्यस्ता संस्थाले हालसम्म नेपालका बैंकहरूमार्फत ऊर्जा, कृषि, महिला उद्यमशीलता र पिछडिएको क्षेत्रका लागि अमेरिकी डलर ६० करोड लगानी हाराहारी लगानी गरिसकेको जनाइएको छ ।

भेटका क्रममा प्रतिनिधिमण्डलका सदस्यले आफूहरू नेपालमा लगानीको क्षेत्र विस्तार गर्न इच्छुक रहेको भन्दै थप लगानी ल्याउने प्रतिबद्धतासमेत जनाएका छन् । जवाफमा अर्थमन्त्री पुनले वैदेशिक लगानी आकर्षित गर्ने नीतिमा सरकार रहेको उल्लेख गर्दै आन्तरिक तथा बाह्य निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण जनाउँदै गएको बताए ।

प्रतिनिधिमण्डलमा अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएफसी), एसियन विकास बैंक (एडिबी), अमेरिकी अन्तर्राष्ट्रिय विकास वित्त निगम (डिएफसी), बेलायती सरकारको स्वामित्वमा रहेको ब्रिटिस इन्टरनेउनल इन्मेष्टमेन्ट, बेल्जियमको बिआइ ओ इनभेष्टिङका साथै जर्मनी, फ्रान्स, नेदरल्याण्ड, स्वीट्जरल्याण्ड, स्वीडेनका सरकारी स्वामित्वका कम्पनीका प्रतिनिधि संलग्न थिए ।

यसअघि सोही प्रतिनिधिमण्डलले अर्थसचिव मधुकुमार मरासिनीसँग भेटेको थियो । त्यसक्रममा सचिव मरासिनीले सरकार लगानीमैत्री वातावरण निर्माणका लागि प्रतिबद्ध रहेको बताउँदै केही दिनअघि मात्र अध्यादेशमार्फत लगानी प्रतिकूल ठानिएका विभिन्न ऐन संशोधनको निर्णय गरेको बताए ।

नेपालले आगामी सन् २०२६ सम्ममा अतिकम विकसित मुलुक (एलडीसी) बाट विकासशील मुलुकमा स्तरोन्नति गर्न तथा सन् २०३० सम्म दिगो विकास लक्ष्य (एसडिजी) को उद्देश्य पूरा गर्ने अभियानमा रहेकाले सरकारले वैदेशिक लगानीमा जोड दिने नीति लिएको सचिव मरासिनीको भनाइ छ ।

# 'महिला लगानीकर्तालाई आकर्षित गर्नुपर्छ'

**काठमाडौं (प्रस)–** महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले ऊर्जा क्षेत्रमा महिला लगानीकर्तालाई प्रोत्साहन गर्नुपर्ने बताएकी छिन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)द्वारा यहाँ आयोजित 'ऊर्जा क्षेत्रमा वातावरण, सामाजिक र सुशासन तथा लैङ्गिक समताको एकीकरण' सम्बन्धी कार्यक्रममा उनले अहिले विस्तारै महिलाको सहभागिता सबै क्षेत्रमा वृद्धि हुँदै गएको छ भनिन् । उनले भनिन्, 'राजनीतिक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित भए पनि अन्य क्षेत्रमा भने त्यसरी वृद्धि हुन सकेको छैन ।'

मन्त्री चौधरीले जलविद्युत आयोजना लामो समयको योजना र बजेट धेरै लाग्ने योजना भएकाले त्यसको सुरुआत गर्न पनि समय लाग्ने गरेको जनाउँदै उनले सात मन्त्रालयसँग सम्बन्धित रहेको प्रक्रियागत हिसाबले पनि झन्झटिलो हुँदा लगानीकर्तालाई समस्या हुने गरेको पाइएको बताइन् ।

मन्त्री चौधरीले जलविद्युत आयोजना एउटा योजना मात्रै नभएर वन, वातावरण, जैविक विविधता, स्थानीय नागरिकको जनजीवनमा पनि प्रत्यक्ष सम्बन्ध राख्ने भएकाले संवेदनशील क्षेत्र भएको बताइन् । 'वातावरण संरक्षण, स्थानीय समुदायको जनजीवनलाई पनि ध्यान दिनुपर्ने हुनाले सबै कुरालाई ध्यान दिनुपर्ने बाध्यता छ', उनले भनिन्, 'नेपालमा पनि ऊर्जा बेचेर समृद्ध हुन सक्ने सम्भावना रहेको छ, लगानी सम्मेलन पनि देशमा लगानी भित्र्याउने उद्देश्यले आयोजना तय गरिएको छ ।'

# हिमालयन हाइड्रो एक्स्पो सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं-विद्युतीय सवारी (इभी) र्‍यालीसँगै हिमालयन हाइड्रो एक्स्पो २०२४ सुरु भएको छ । विद्युत् खपत बढाउने सन्देशसहित स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)को आयोजनामा हिमालयन हाइड्रो एक्स्पो सुरु भएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले र्‍यालीको उद्घाटन गरे । इभी र्‍याली आयोजना गरी विद्युतीय सवारी प्रवर्द्धन र विद्युत खपत बढाउने सन्देशसहित चौथो संस्करणको एक्स्पोको सुरुआत गरिएको इप्पानका अध्यक्ष गणेश कार्कीले जानकारी दिए । र्‍याली उद्घाटन कार्यक्रममा बोल्दै ऊर्जामन्त्री बस्नेतले इप्पानले लगानी सम्मेलनको पूर्वसन्ध्यामा आयोजना गरेको हिमालयन हाइड्रो एक्स्पोले लगानी सम्मेलनलाई सार्थक बनाउने विश्वास व्यक्त गरे ।

'हाइड्रो एक्स्पो अघि सुरु भएको यो र्‍यालीले स्वदेशी विद्युत खपत बढाउन र विद्युतीय सवारी प्रवर्द्धनमा सहयोगी सावित हुनेछ', उनले भने, 'हाइड्रो एक्स्पो नेपालको विद्युत् क्षेत्रमा लगानीको वातावरण बनाउन सहयोगी




सावित हुनेछ ।'

इप्पान अध्यक्ष गणेश कार्कीले 'हाम्रो बिजुली, हामी आफैं खपत गरौं' भन्ने उद्देश्यले इभी र्‍याली आयोजना गरिएको बताए । सरकारले सन् २०३५ सम्ममा १३ हजार मेगावाट विद्युत् खपत गर्ने लक्ष्य लिएको छ । त्यसका लागिसमेत विद्युतीय सवारी र्‍यालीले थप प्रवर्द्धन हुने उनको आशा छ ।

'सरकारले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट उत्पादन र १३ हजार मेगावाट स्वदेशमै खपत गर्ने लक्ष्य लिएको छ, यसलाई सार्थक बनाउन पनि इभी र्‍यालीले सहयोग गर्छ', उनले भने, 'विद्युतीय सवारीले स्वदेशी विद्युत् खपत बढाउन सहयोगी हुनुका साथै पर्यावरणका लागि उपयुक्त हुन्छ ।' इभी र्‍याली कमलादीको स्काई वाक टावरबाट सुरु भइ सिंहदरबार, बानेश्वर, सातदोबाटो, एकान्तकुना, पुल्चोक, त्रिपुरेश्वर, नारायणहिटी, हुँदै भृकुटी मण्डपमा पुगेर टुङ्गिएको थियो । र्‍यालीमा तीन सयभन्दा बढी विद्युतीय सवारी सहभागी थिए ।

एक्स्पोको पहिलो दिन तीन वटा प्राविधिक सत्र राखिएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले आज (बिहीबार) एक्स्पोको औपचारिक उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

# नेसनल लाइफको मुक्तिनाथ भ्रमण कार्यक्रम सम्पन्न

**काठमाडौं (प्रस)–** नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि.ले आफ्ना अभिकर्ताहरूलाई ३ रात ४ दिनको मुक्तिनाथ भ्रमण गराएको छ ।

कम्पनीमा कार्यरत अभिकर्ताहरूका लागि २०८० असोज र कार्तिक महिनामा संचालन गरेको अभिकर्ता मासिक योजना अन्तर्गत देशैभरीबाट उत्कृष्ट व्यवसाय गरी लक्ष्य पुरा गर्न सफल २०० जना भन्दा बढि बरिष्ठ अभिकर्ताहरूलाई नेपालको पर्यटकिय क्षेत्र मुस्ताङको मनोरम दृष्यहरू अवलोकन गराउने र तहाँ अवस्थित नेपालको मुख्य तिर्थस्थल मुक्तिनाथ मन्दिर दर्शन गराउने उदेश्यले भ्रमण कार्यक्रम आयोजना गरिएको हो ।




कम्पनीका एजेन्सी विभाग प्रमुख सुशील प्रताप राणाले भ्रमण कार्यक्रमबाट देशको आन्तरिक पर्यटन प्रवर्द्धन हुनुका साथै विभिन्न क्षेत्रमा कार्यरत अभिकर्ताहरू बिच एक आपसमा अन्तर्क्रिया भईं अभिकर्ता समूहको दक्षता अभिवृद्धिमा प्रत्यक्ष लाभ पुग्न जाने भएकोले कम्पनीले यस प्रकारको योजना ल्याएको र अभिकर्ताहरूको उत्साहजनक उपस्थितीले योजना अत्यन्तै सफल भएको बताए ।

**हावाहुरीबाट जोगिने उपायहरू**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

**हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ